# चितवन जिल्लाका चेपाङ्जातिमा प्रचलित लोकगीतहरूको सङ्कलन र वर्गीकरणमूलक अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभागको स्नातकोत्तर तह (एम.ए.)
द्वितीय वर्षको दसौं पत्र (लोकसाहित्य र अध्ययनपत्र
५१०-६) को प्रयोजनका लागि प्रस्तुत

## अध्ययनपत्र


अध्ययनकर्ता

**प्रभा अधिकारी**

शै.स. : २०५८-२०६०

त्रि.वि.दर्ता नं. : २१५०५-९३



त्रिभुवन विश्वविद्यालय

वीरेन्द्र बहुमुखी क्याम्पस

नेपाली विभाग

भरतपुर, चितवन

२०६४

# चितवन जिल्लाका चेपाङ्जातिमा प्रचलित लोकगीतहरूको सङ्कलन र वर्गीकरणमूलक अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभागको स्नातकोत्तर तह (एम.ए.)
द्वितीय वर्षको दसौं पत्र (लोकसाहित्य र अध्ययनपत्र
५१०-६) को प्रयोजनका लागि प्रस्तुत

## अध्ययनपत्र

**अध्ययन निर्देशक**
**डा. नारायणप्रसाद खनाल**


अध्ययनकर्ता

**प्रभा अधिकारी**

शै.स. : २०५८-२०६०

त्रि.वि.दर्ता नं. : २१५०५-९३

त्रिभुवन विश्वविद्यालय
वीरेन्द्र बहुमुखी क्याम्पस
नेपाली विभाग
भरतपुर, चितवन


२०६४

# त्रिभुवन विश्वविद्यालय

## मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत

## वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग

## भरतपुर, चितवन

## मा

## अध्ययनकर्ता

## प्रभा अधिकारी

द्वारा प्रस्तुत

# चितवन जिल्लाका चेपाङजातिमा प्रचलित लोकगीतहरूको सङ्कलन र वर्गीकरणमूलक अध्ययन

शीर्षकको

# अध्ययनपत्र

नेपाली विषयको स्नातकोत्तर तह (एम.ए.)को दसौं पत्रको
प्रयोजनका लागि स्वीकृत गरिएको छ ।

## मूल्याङ्कनसमिति

| | | |
|---|---|---|
| ................................ | .................................. | ................................... |
| बाह्यपरीक्षकको हस्ताक्षर | विभागीय प्रमुखको हस्ताक्षर<br>सह प्रा.डा.गणेशप्रसाद खराल | अध्ययन निर्देशकको हस्ताक्षर<br>सह प्रा.डा.नारायणप्रसाद खनाल |

मिति : २०६४

# निर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभागकी अध्ययनार्थी छात्रा **प्रभा अधिकारी**ले **चितवन जिल्लाका चेपाङ्जातिमा प्रचलित लोकगीतहरूको सङ्कलन र वर्गीकरणमूलक अध्ययन** शीर्षकको अध्ययनपत्र स्नातकोत्तर तह (एम.ए.) द्वितीय वर्षको दसौं पत्रको पाठ्यांश परिपूर्तिका निमित्त मेरा निर्देशनमा तयार पार्नुभएको हो । अध्ययनार्थी छात्राबाट परिश्रमपूर्वक तयार गरिएको यस अध्ययनकार्यबाट म पूर्ण सन्तुष्ट छु । अतः यसको समुचित मूल्याङ्कनका लागि नेपाली विभागका विभागीय प्रमुखसमक्ष सहर्ष सिफारिस गर्दछु ।

मिति : २०६४

..............................

**डा. नारायणप्रसाद खनाल**

सह-प्राध्यापक

त्रिभुवन विश्वविद्यालय

वीरेन्द्र बहुमुखी क्याम्पस

नेपाली विभाग

भरतपुर, चितवन

# कृतज्ञताज्ञापन

त्रिभुवन विश्वविद्यालय वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको दसौं पत्रको प्रयोजनको लागि **चितवन जिल्लाका चेपाङजातिमा प्रचलित लोकगीतहरूको सङ्कलन र वर्गीकरणमूलक अध्ययन** शीर्षकको यो अध्ययन पत्र तयार पारिएको हो । आफ्नो व्यस्तताको बावजुद पनि यस कार्यमा महŒवपूर्ण सल्लाह, सुझाव प्रदान गरी मार्गदर्शन गर्नुहुने अध्ययनपत्र निर्देशक आदरणीय गुरु सहप्रा. डा. नारायणप्रसाद खनालज्यूप्रति म सर्वप्रथम हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

प्रस्तुत शीर्षकमा अध्ययनपत्र तयार गर्न हौसला र स्वीकृतिका साथै आवश्यक सल्लाह र सुझाव प्रदान गर्नुहुने आदरणीय गुरु सहप्रा.डा. गणेशप्रसाद खराल (विभागीय प्रमुख, नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर) ज्यूप्रति पनि हार्दिक कृतज्ञता प्रकट गर्दछु । साथै अध्ययनपत्र लेखनकार्यमा विभिन्न कोणबाट प्रेरणा र सल्लाहसुझाव दिनुहुने आदरणीय गुरुहरू सहप्रा. डा. लक्ष्मणप्रसाद गौतम, सहप्रा. होमनाथ सापकोटा, लेखक डि.आर. पोखेल, सहप्रा.डा. विष्णुप्रसाद घिमिरे, सहायक प्रशासक शिबप्रसाद पोखेल र हेड असिस्टेन्ट विजय पण्डितज्यूमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

मेरो अध्ययनको यो क्षणसम्म अविरल प्रेम, प्रेरणा र अवसर प्रदान गर्नुहुने पूजनीय माता पार्वती अधिकारी, पति वेदनिधि अर्याल एवं घरपरिवारका सदस्यहरूपति म चिर ऋणी छु । साथै विविध पक्षबाट सहयोग पुऱ्याउनुहुने न्यू भिजन एकेडेमी, गुन्जनगरका मेरा सहकर्मी शिक्षक साथीहरूप्रति पनि हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

गीत गाएर तथा तत्सम्बन्धी आवश्यक सूचना र जानकारी उपलब्ध गराएर सहयोग गर्नुहुने लोकगायकहरू यमन चेपाङ, बाबुराम प्रजा, रविनकुमार चेपाङ, सुनिमाया प्रजा, बलबीर प्रजा र अन्य गायकहरूप्रति कृतज्ञता ज्ञापन गर्दछु ।

कार्यव्यस्ताको बाबजुद पनि छिट्टै नै शुद्ध रूपमा तथा झर्को नमानी मित्रतापूर्ण व्यवहारका साथ कम्प्युटर टाइप गरी सहयोग पुऱ्याउनुहुने सुजु फोटोकपीका भाइ मिलन राना पनि धन्यवादका पात्र हुनुहुन्छ ।

अन्त्यमा, **चितवन जिल्लाका चेपाङजातिमा प्रचलित लोकगीतहरूको सङ्कलन र वर्गीकरणमूलक अध्ययन** शीर्षकको यो अध्ययनपत्र आवश्यक मूल्याङ्कनका लागि नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुरसमक्ष प्रस्तुत गर्दछु ।

मिति : २०६४/..................

प्रस्तुतकर्ता<br>
**प्रभा अधिकारी**<br>
वीरेन्द्र बहुमुखी क्याम्पस

भरतपुर, चितवन

# सङ्क्षेपीकृत शब्दसूची

| | |
|---|---|
| अ.प्र. | : अप्रकाशित |
| क्र.सं. | : क्रम संख्या |
| गा.वि.स. | : गाउँ विकास समिति |
| जि.वि.स. | : जिल्ला विकास समिति |
| डा. | : डाक्टर |
| त्रि.वि. | : त्रिभुवन विश्वविद्यालय |
| न.पा. | : नगरपालिका |
| ने.रा.प्र.प्र. | : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| पी.सी.डी.पी. | : प्रजा कम्यूनिटी डेभलपमेन्ट प्रोजेक्ट (प्रजा सामुदायिक विकास कार्यक्रम) |
| पृ. | : पृष्ठ |
| प्रा. | : प्राध्यापक |
| भ.न.पा. | : भरतपुर नगरपालिका |
| र.न.पा. | : रत्ननगर नगरपालिका |
| ल.अ. | : लघु अनुसन्धान |
| वि.सं. | : विक्रम संवत् |
| सम्पा. | : सम्पादक |
| संस्क. | : संस्करण |

# विषयसूची


| | |
|---|---|
| **निर्देशकको मन्तव्य** | **क** |
| **मूल्याङ्कन समितिको सिफारिस** | **ख** |
| **कृतज्ञताज्ञापन** | **ग** |
| **सङ्क्षेपीकृत शब्दसूची** | **घ** |
| **विषयसूची** | **ङ** |

**परिच्छेद-एक**

**अध्ययनपत्रको परिचय**

| | | |
|---|---|---|
| १.१ | अध्ययनको शीर्षक | १ |
| १.२ | अध्ययनपत्रको प्रयोजन | १ |
| १.३ | समस्याकथन | १ |
| १.४ | अध्ययनको उद्देश्य | १ |
| १.५ | अध्ययनको औचित्य र महŒव | २ |
| १.६ | पूर्वकार्यको अध्ययन र समीक्षा | २ |
| १.७ | सीमाङ्कन | ४ |
| १.८ | सामग्री सङ्कलन र अध्ययन विधि | ४ |
| | १.८.१ क्षेत्रीय अध्ययन विधि | ५ |
| | १.८.२ पुस्तकालयीय विधि | ५ |
| | १.८.३ अनुवादविधि | ५ |
| | १.८.४ लेखनविधि | ५ |
| १.९ | अध्ययनपत्रको रूपरेखा | ५ |

**परिच्छेद : दुई**

**चितवनका चेपाङजातिको सामाजिक र सांस्कृतिक परम्परा**

| | | |
|---|---|---|
| २.१ | चेपाङजातिको सामान्य परिचय | ७ |
| २.२ | चेपाङजातिको बसोबास क्षेत्र र जनसंख्या | ८ |
| | २.२.१ चेपाङजातिको बसोबास क्षेत्र | ८ |

२.२.२ जनसंख्या ९
२.३ चितवनका चेपाङजातिको थर र गोत्र ११
२.३.१ पुकुन्थली ११
२.३.२ कछारे (सुनप्रजा) १२
२.४ चितवनका चेपाङजातिको सामाजिक अवस्था १२
२.४.१ घरका बनावट तथा स्थिति १२
४.२.२ पेसा तथा आयस्रोत १३
२.४.२.१ पेसा १३
२.४.२.२ आयस्रोत १४
२.४.३ खानपान १४
२.४.४ भाषा १४
२.४.५ भेषभूषा एवम् गरगहना १५
२.४.६ पारिवारिक बनोट तथा महिलाको स्थान १५
२.४.७ चेपाङजातिको अन्य जातिसँगको सम्बन्ध १६
२.५ चितवनका चेपाङजातिमा गरिने सामाजिक संस्कारहरू १६
२.५.१ जन्म संस्कार १६
२.५.२ भात ख्वाई १७
२.५.३ छेवर १७
२.५.४ विवाह १७
२.५.४.१ मागी विवाह १७
२.५.४.२ भगाई वा प्रेम विवाह १७
२.५.४.३ विधवा विवाह १८
२.५.५ मृत्युसंस्कार १८
२.६ चितवनका चेपाङजातिको सांस्कृतिक परम्परा १८
२.६.१ चेपाङजातिले गर्ने केही प्रमुख पूजाआजा १९
२.६.१.१ नामरुङ्ग १९
२.६.१.२ भूँयर १९
२.६.१.३ गौडू देवता १९

२.६.१.४ वायु देवता १९
२.६.१.५ आइतबारे २०
२.६.१.६ गोसाई बाबा २०
२.६.२ चितवनका चेपाङसमाजमा मनाइने चाडपर्वहरू २०
२.६.२.१ चण्डीपूर्णिमा २०
२.६.२.२ न्वागी (छनम्) २०
२.६.२.३ दसैं २१
२.६.२.४ तिहार २१
२.६.२.५ माघेसंक्रान्ति २१
२.६.२.६ चैतेदसैं २१
२.७ निष्कर्ष २२

**परिच्छेद : तीन**

३.१ लोकगीतको सैद्धान्तिक परिचय २३
३.२ लोकगीतका विशेषता २४
३.३ लोकगीतको वर्गीकरण २५
३.४ लोकगीतका सन्दर्भमा चेपाङजातिमा प्रचलित लोकगीतहरू २६
३.५ निष्कर्ष २७

**परिच्छेद : चार**

**चितवनका चेपाङजातिमा प्रचलित लोकगीतहरूको वर्गीकरणमूलक अध्ययन**

४.१ चेपाङलोकसाहित्यको परिचय २८
४.२ चेपाङसमाजमा प्रचलित लोकगीत २८
४.३ चितवनका चेपाङजातिका लोकगीतका विशेषताहरू २८
४.३.१ मौखिक परम्परामा जीवित रहनु २९
४.३.२ मनोरञ्जन दिनसक्नु २९
४.३.३ मौलिक र सरल हुनु २९
४.३.४ एकल र सामूहिक दुबै रूपमा गाउन मिल्नु २९

४.३.५ चेपाङसंस्कृति झल्किनु २९

४.३.६ ईश्वरप्रतिको आस्थाभाव झल्किनु ३०

४.३.७ चेपाङ भाषामा गाइनु ३०

४.४ चेपाङसमाजमा प्रचलित लोकगीतको वर्गीकरणका आधारहरू ३०

४.४.१ कार्यको आधार ३०

४.४.२ प्रस्तुतिको आधार ३१

४.४.३ स्वरूपका आधार ३१

४.४.४ विषयवस्तुको आधार ३१

४.५ वर्गीकृत लोकगीतहरूको अध्ययनमूलक प्रस्तुति ३२

४.५.१ पर्वगीत ३२

४.५.१.१ तीजगीत ३२

४.५.१.२ दसैंमा गाइने गीत (मन्काम) ३३

४.५.१.३ तिहारको भैलो गीत ३३

४.५.२ संस्कार गीत ३४

४.५.२.१ भूमिको मङ्गल ३४

४.५.२.२ विवाहमा गाइने गीत ३५

४.५.२.३ मृत्युसंस्कार (रिसासा) गीत ३६

४.५.३ श्रमगीत ३६

४.५.३.१ वैशाखेगीत ३७

४.५.३.२ जेठगीत ३७

४.५.३.३ असारेगीत ३८

४.५.४ मनोरञ्जनका गीतहरू ३८

४.५.४.१ एकलगीत ३८

४.५.४.२ दोहोरीगीत ३९

४.५.४.३ भ्याउरेगीत ४०

४.५.५ विविध गीत ४०

४.५.५.१ गरिब च्योवाङ्को घाँसेगीत ४०

४.५.५.२ चैत-वैशाखको उराठलाग्दो समयमा गाउने गीत (ङीको गीत) ४१

४.५.५.३ बिछोडका गीत ४१

४.५.५.४ जेठेनी गीत ४२

४.५.५.५ हिमाल सेतै छ भन्ने भाकामा गाइएको गीत ४२

४.५.५.६ पुर्ख्यौली थलोको गीत ४३

४.६ निष्कर्ष ४३

**अध्याय : पाँच**

**चितवनका चेपाङसमाजमा प्रचलित लोकगीतको मूलपाठ**

५.१ पर्वगीत ४४

५.१.१ तीज गीत ४४

५.१.२ दसैंमा गाइने गीत (मन्काम) ४४

५.१.३ तिहारमा गाइने गीत (भैलो) ४५

५.२ संस्कार गीत ४५

५.२.१ विवाहको मंङ्गल ४५

५.२.१.१ विवाहमा केटी माग्न जाँदा गाइने गीत ४५

५.२.१.२ विवाहमा केटी दिने स्वीकृति भएपछि केटा पक्षबाट गाइने गीत ४६

५.२.१.३ दुरानमा गाइने गीत ४६

५.२.२ मृत्यु संस्कार गीत (रिसासा) ४७

५.२.३ न्वागी (छनम्) गर्दा गाइने गीत ४७

५.२.४ भूमिको मङ्गल ४७

५३ श्रमगीत ४८

५.३.१ वैशाखे गीत ४८

५.३.२ जेठेगीत ४८

५.३.३ असारेगीत ४९

५.४ मनोरञ्जनका गीत ४९

५.४.१.१ एकल गीत (महिलाले गाउने) ४९

५.४.१.२ पुरुषले गाउने एकल गीत ५०

५.४.२ दोहोरी गीत (कान्छी गीत) ५०

५.४.२.१ गोठालो जाँदा युवायुवती बीच गाइने गीत ५१
५.४.२.२ दु:खले गर्दा परदेश गएको (कान्छी गीत) ५१
५.४.२.३ झ्याउरे गीत (लौलौ भाका) ५२
५.५ विविध गीत ५३
५.५.१ गरिब च्योवाङको घाँसे गीत ५३
५.५.२ चैत वैशाखको उराठलाग्लो समयको गीत (डीको गीत) ५३
५.५.३ प्रेमीप्रेमीका विछोड भएपनि जंगलमा गएर एक्लै गाउने गीत ५४
५.५.४ जेठ महिनामा बाँदर कुर्ने बेलामा गाइने गीत ५४
५.५.५ हिमाल सेतै छ भन्ने भाकामा गाइएको दसैं गीत ५५
५.५.६ बिर्सनु हुँदैन पुर्ख्यौली थलोलाई ५५
५.५.७ २०५९ सालमा पहिरो जाँदाको गीत ५५

**परिच्छेद : छ**

**उपसंहार**

६.१ सारांश ५७
६.२ निष्कर्ष ५८

**परिशिष्ट**

**सन्दर्भग्रन्थ सूची**

# परिच्छेद : एक
# अध्ययनपत्रको परिचय

## १.१ अध्ययनको शीर्षक

यस अध्ययनपत्रको शीर्षक **चितवन जिल्लाका चेपाङजातिमा प्रचलित लोकगीतहरूको सङ्कलन र वर्गीकरणमूलक अध्ययन** रहेको छ ।

## १.२ अध्ययनपत्रको प्रयोजन

प्रस्तुत अध्ययनपत्र त्रिभुवन विश्वविद्यालय मानविकी र सामाजिकशास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुरको स्नातकोत्तर तह नेपाली विभागको द्वितीय वर्षको दसौं पत्र लोकसाहित्य र अध्ययनपत्र ५१०-६ को प्रायोगिक कार्यका लागि तयार गरिएको छ ।

## १.३ समस्याकथन

प्रस्तुत अध्ययनका निम्नलिखित समस्याहरू रहेका छन् :

क) चितवनका चेपाङजातिमा प्रचलित लोकगीतहरू के-कति किसिमका छन् ?

ख) चितवनका चेपाङ-लोकगीतहरू के-कति वर्गमा वर्गीकृत हुन सक्छन् ?

ग) चितवनका चेपाङजातिमा केकस्ता संस्कारगीत, श्रमगीत, पर्वगीत र मनोरञ्जनका गीतहरू प्रचलित छन् ?

घ) चेपाङजातिका लोकगीतमा तिनका सामाजिक-सांस्कृतिक परम्पराको प्रतिबिम्बन के कस्तो छ ?

## १.४ अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययनको उद्देश्य समस्याकथनका सन्दर्भमा उठेका प्रश्न र जिज्ञासाको समाधानमा केन्द्रित रहेको छ । अतः समस्याकथनसँग सम्बन्धित यस अध्ययनका निम्नलिखित उद्देश्यहरू छन् :

क) चितवनका चेपाङजातिले गाउने लोकगीतका किसिमहरू थाहा पाउनु ।

ख) चितवनका चेपाङजातिका लोकगीतहरूलाई वर्गीकरण गर्नु ।

ग)  चेपाङजातिका पार्विक, सांस्कारिक, श्रम तथा मनोरञ्जनका गीतहरूको सङ्कलन र अध्ययन गर्नु ।

घ)  चितवनका चेपाङजातिको लोकगीतमा तिनका सामाजिक, सास्कृतिक परम्पराको प्रतिबिम्बनबारे अध्ययन गर्नु ।

## १.५  अध्ययनको औचित्य र महŒव

चितवन जिल्लामा बसोवास गर्ने चेपाङजातिका लोकगीतहरूको सङ्कलन र वर्गीकरणमूलक अध्ययन कार्यको औचित्य तथा महŒव निम्नानुसार छ :

क)  प्रस्तुत अध्ययनबाट चेपाङजातिमा प्रचलित लोकगीतका किसिमबारे जानकारी प्राप्त गर्नु ।

ख)  प्रस्तुत अध्ययनबाट चितवनका चेपाङजातिमा प्रचलित लोकगीतहरूको व्यवस्थित वर्गीकरणको काम सम्पन्न गर्नु ।

ग)  चेपाङजातिका श्रमगीत, पर्वगीत, संस्कारगीत र मनोरञ्जनका गीतहरू प्रकाशमा ल्याउनु ।

घ)  चेपाङहरूका लोकगीतहरूको सङ्कलन-अध्ययनबाट तिनका सामाजिक सांस्कृतिक प्रचलन-परम्पराको प्रतिबिम्बनबारे जानकारी प्राप्त गर्नु ।

ङ)  यस अध्ययनबाट चेपाङजातिका बारेमा अध्ययनकर्ता, शोधकर्ता तथा पाठ्यपुस्तक तयार पार्नेहरूका लागि समेत उपयोगी हुनु ।

## १.६  पूर्वकार्यको अध्ययन र समीक्षा

लोकगीत लोकसाहित्यको एउटा प्रमुख प्राचीन विधा हो । लोकगीतको महŒव नेपाली धर्म, संस्कृति, रीतिरिवाज, सुख-दुःखसँग रहेको छ । नेपालका पिछडिएका आदिवासी जनजातिहरूमध्ये चेपाङजाति पनि एक हो । यस जातिको समग्रतालाई समेटेर प्रकाशित भएका पुस्तक भेटिँदैनन् र पाइएका पुस्तकहरू पनि चेपाङजातिका बारेमा पूर्ण रूपले व्याख्या र विश्लेषण गरेको पाइँदैन । यस अध्ययनका लागि चेपाङजातिका बारेमा प्रकाशित तथा यस जातिसंग मेलखाने केही पूर्वप्रकाशित पुस्तक, तथ्याङ्क, सूचना एवम् जानकारी, पत्रपत्रिका, शोधपत्र आदिको कालक्रमिक विवरण निम्नअनुसार छ :

क) भोजराज थपलियाले **चेपाङजाति एक परिचय** नामक कृति (धरान-१, गोपाल थपलिया २०४४) को पृष्ठ ३७ मा चेपाङहरूको मुख्य पेशा माछा मार्नु हो र खोलो चेपाङको दाजुभाइजत्तिकै नजिकको बन्धु हो भन्ने उल्लेख गरेका छन् ।

ख) सूर्यमणि अधिकारीले **चेपाङ र दराई** नामक पुस्तक (चितवन, वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर, २०४६) को पृष्ठ ३२ मा "चेपाङ" शब्दको उत्पत्तिका सम्बन्धमा चर्चा गर्दै चेपाङहरू कुकुर र बाणको सहायताले शिकारी जाति भएकाहुन् र यिनीहरूको जातिगत नाम चेपाङ रहन गएको हो भन्ने धारणा प्रस्तुत गरेका छन् ।

ग) कुलबहादुर प्रजाले चेपाङभाषाको पत्रिका **थोङोताङ** (उज्यालोतिर) मा *गरीब च्योवाङको घाँसेगीत* नामक चेपाङ गीत (वर्ष-१, अङ्क-२, वैशाख २०५५) को पृष्ठ ४ मा सिस्नुको दाल र गीठाको चानामा भुल्ने होइन, आफ्नो अधिकारको लागि अगाडि बढ्नुपर्छ भन्ने भाव व्यक्त गरेका छन् तापनि चेपाङजातिबारे थप केही कुरा उल्लेख गरेका छैनन् ।

घ) टेरबहादुर प्रजाले **चिन्होजान्यो** भन्ने पत्रिकामा *लडाइ लड्सा परा* नामक चेपाङ गीत (च्योवाङजातिको परिचय र विकास विशेषाङ्क, मकवानपुर, जिल्ला विकास समिति, आषाढ २०५५) को पृष्ठ १९ मा अधिकारकोलागि चक्कु र छुरी हैन, कलम लिएर अगाडि बढ्नुपर्छ भनेतापनि चेपाङ संस्कृतिबारे थप केही कुरा उल्लेख गरेका छैनन् ।

ङ) अजयकुमार प्रजाले **सिर्जना** पत्रिकामा *चेपाङ समुदाय एक परिचय* नामक रचना (अङ्क १०, वैशाख २०५८) को पृष्ठ ४८ मा चेपाङलाई जनजातिका रूपमा उल्लेख गर्दै यिनलाई नेपाली आदिवासी हुन् भनेका छन् ।

च) विष्णुप्रसाद घिमिरे र डी. आर. पोखेलले आफ्नो अनुसन्धान प्रतिवेदन **चेपाङजातिको सामाजिक एवम् सांस्कृतिक जीवनः एक अध्ययन** (चितवन जिल्ला विकास समिति, अप्रकाशित, असार, २०५८) को पृष्ठ २९ मा पुराना गीतहरूमध्येको काँठे भाषामा गाइने कृष्णलीलाको गीतमा 'श्रीकृष्णलीला'को व्याख्या गरेका छन् ।

छ) इन्द्रजङ वाइबा 'तामाङ' **२०१८ साल पहिलाका चेपाङजातिहरूको पुर्ख्यौली इतिहास** भन्ने आफ्नो सङ्कलन (इन्द्रजङ वाइबा 'तामाङ' २०६१) पृष्ट १६ मा चेपाङभाषाको पुर्ख्यौली इतिहास बताउदै चेपाङ भाषाका केही गीतहरू पनि उल्लेख गरेका छन् ।

ज) विष्णुप्रसाद घिमिरेले **चितवनका आदिवासी जनजातिको सामाजिक र सांस्कृतिक अध्ययन** नामक पुस्तक (चितवन, जिल्ला विकास समिति, २०६४) को पृष्ठ ५० मा चेपाङभाषाका धार्मिकगीतहरूको मात्र उल्लेख गरेका छन् ; समग्र चेपाङगीतको उल्लेख गरिएका छैन ।

झ) एस.एन.भी. नेपालका इभाकिप्पले *ए बन्डल अफ ओरिज* शीर्षकको गीत (एस.एन.भी.नेपाल, सन् १९९४) को पृष्ठ ३४ मा देरवाङ् गाउँकी मैतीमाया प्रजाको पारिवारिक अध्ययन गर्दै तिनले गाएको गीतलाई अँग्रेजीमा उल्था गरेका छन् ।

ञ) प्रजा सामुदायिक विकास कार्यक्रम (पी.सी.डी.पी) टोलीले गरेको सर्वेक्षण, **रुखो जग्गामा सुन्तला फल्छ त ?** नामक कृति (चितवन, प्रजा सामुदायिक विकास कार्यक्रम एस.एन.भी. नेपाल, सन् १९९७) को पृष्ठ ३१ मा चितवनका चारवटै गा.वि.स. हरूमा सबैले प्रजाभाषा बोल्छन् तर १० वर्ष मुनिका र स्कुले केटाकेटीहरू प्रजा भाषा धाराप्रवाह रूपमा बोल्न सक्दैनन् भन्ने धारणा प्रस्तुत गरेका छन् ।

चितवन जिल्लामा रहेका चेपाङजातिहरूका लोकगीतको बारेमा यसपूर्व केही अध्ययन अनुसन्धान भए तापनि पूर्णरूपमा चेपाङ लोकगीतको बारेमा ब्याख्या र विश्लेषण गरेको पाइदैन । त्यसकारण चेपाङजातिको लोकगीतको समग्र अध्ययन यसपूर्व नगरिएको हुनाले सो गर्न लागिएको छ ।

## १.७ सीमाङ्कन

यो अध्ययनपत्र निश्चित सीमामा रही तयार गरिएको छ । चितवन जिल्लामा रहेका चेपाङसमाजमा प्रचलित लोकगीतको सङकलन र वर्गीकरणमूलक अध्ययन गर्नु नै यस अध्ययनपत्रको सीमा हो । चितवन जिल्लाका मुख्य गरेर सिद्धी, शक्तिखोर, काउले, दारेचोक, कविलास, कोराक, लोथर, दाहखानी गा.वि.स.मा बसोबास गर्ने चेपाङजातिका लोकगीतहरूको सङ्कलन र वर्गीकरणमूलक अध्ययनमा प्रस्तुत अध्ययन केन्द्रित रहेको छ ।

## १.८ सामग्री सङ्कलन र अध्ययनविधि

चितवन जिल्लामा रहेका चेपाङ समुदायमा प्रचलित लोकगीतको सङ्कलन र वर्गीकरणमूलक अध्ययनका लागि निम्नअनुसारको अध्ययनविधि अपनाइएको छ :

### १.८.१ क्षेत्रीय अध्ययनविधि

लोकगीत मौखिक साहित्य भएकाले यो क्षेत्रीय अध्ययनमा आधारित छ । यसका लागि चितवनका सिद्धी, शक्तिखोर, काउले, दारेचोक कविलास, कोराक, लोथर, दाहखानी गा.वि.स. लाई स्थलगत सङ्कलन र अध्ययनको क्षेत्र बनाइएको छ ।

### १.८.२ पुस्तकालयीयविधि

लोकगीतको सैद्धान्तिक अध्ययन र वर्गीकरणको मापदण्डको आधारमा चेपाङगीतको वर्गीकरण र अध्ययनका निमित्त पुस्तकालयमा प्राप्त सान्दर्भिक पुस्तक तथा पत्रपत्रिकाहरूको सहयोग लिइएको छ ।

### १.८.३ अनुवादविधि

चेपाङभाषाका लोकगीतलाई नेपालीमा उल्था गर्ने पद्धति अवलम्बन गरिएको छ । यसो गर्दा प्रस्तुत अनुवादमा सङ्कलित गीतहरू प्राथमिक स्रोतका हुनेछन् । अनुवादकानिम्ति चेपाङ तथा नेपाली दुवै भाषाका ज्ञाता तर चेपाङ भाषाका मूल वक्तालाई मुख्य स्रोतव्यक्ति बनाइएको छ । ती स्रोतव्यक्तिको समेत परिचय उल्लेख गरिएको छ ।

### १.८.४ लेखनविधि

चितवन जिल्लाका चेपाङ समुदायका प्रचलित लोकगीतहरूलाई सङ्कलन, वर्गीकरणमूलक अध्ययन गर्ने क्रममा क्षेत्रीय, पुस्तकालयीय, अनुवादविधि अपनाई सङ्कलित सामग्री र निष्कर्षलाई वर्णनात्मक र विश्लेषणात्मक अध्ययनपद्धतिका आधारमा देवनागरीमा लिपिबद्ध तयार गरिएको छ ।

## १.९ अध्ययनपत्रको रूपरेखा

प्रस्तुत अध्ययनपत्रलाई व्यवस्थित रूप दिनका लागि ६ परिच्छेदमा विभाजन गरिएको छ र अन्य भागमा परिशिष्ट र सन्दर्भ कृतिसूचीसमेत समाविष्ट गरिएको छ । तिनका रूपरेखा निम्नानुसार छन् :

**पहिलो परिच्छेद**

यस परिच्छेदमा अध्ययनपत्रको परिचय प्रस्तुत गरिएको छ । यसमा अध्ययन प्रस्तावका आवश्यक शीर्षक, उपशीर्षक रहेका छन् ।

**दोस्रो परिच्छेद**

यस परिच्छेदमा चितवन जिल्लाका चेपाङजातिको सामाजिक र सांस्कृतिक परम्पराको परिचय दिइएको छ ।

**तेस्रो परिच्छेद**

यस परिच्छेदमा लोकगीतको सैद्धान्तिक परिचय दिइएको छ ।

**चौथो परिच्छेद**

यस परिच्छेदमा चेपाङसमाजमा प्रचलित लोकगीतको वर्गीकरणमूलक अध्ययन गरिएको छ ।

**पाँचौँ परिच्छेद**

यस परिच्छेदमा चेपाङसमाजमा प्रचलित लोकगीतको सङ्कलित मूलपाठ रहेको छ ।

**छैटौं परिच्छेद**

यस परिच्छेदमा उपसंहार एवम् निष्कर्ष रहेको छ ।

अध्ययनको मुख्यभाग पश्चात् परिशिष्ट भागमा लोकगीत सङ्कलनमा सहयोग पुऱ्याउने स्रोत-व्यक्तिहरूको विवरण, मूल गायक, सहगायकहरूको सङ्क्षिप्त परिचय, गायक-गायिकाको वेशभूषा, चितवन जिल्लाको मानचित्र आदि प्रस्तुत गरिएका छन् । यसै गरी सन्दर्भ कृतिसूचीअन्तर्गत अध्ययनपत्र तयारीका क्रममा उपयोग गरिएका सम्बद्ध विषयका सान्दर्भिक पुस्तक र पत्रपत्रिकाहरूको वर्णक्रमानुसारी सूचीका साथ सर्वाङ्गपूर्ण अध्ययनपत्र प्रस्तुत गरिएको छ ।

## परिच्छेद : दुई

# चितवनका चेपाङजातिको सामाजिक र सांस्कृतिक परम्परा

## २.१ चेपाङजातिको सामान्य परिचय

मानव सभ्यताको विकासवादी दृष्टिकोणलाई हेर्दा चेपाङहरू ढुङ्गेयुगलाई छाडेर भर्खरै मात्र खेतीपातीको युगतिर प्रवेश गरेको देखिन्छ । विश्वका विभिन्न पिछडिएका जनजातिहरू-मध्ये एक जनजातिको रूपमा चेपाङजाति पनि पर्न आउँछ । यस जातिको बारेमा केही समय अघिसम्म कसैको ध्यान गएको थिएन तर अहिले आएर विभिन्न स्वदेशी तथा विदेशी अनुसन्धान कर्ताहरूले यी जातिहिरूको बारेमा अभिरुचि लिन थालेका छन् । चेपाङजातिका बारेमा विभिन्न किसिमका खोज-अनुसन्धानका कार्यहरू भर्खरै मात्र सुरु हुन थालेका छन् तर पनि यिनीहरूको सम्पूर्ण सामाजिक एवम् सांस्कृतिक अध्ययनका बारेमा कसैले पनि कलम चलाएको देखिंदैन ।

चेपाङ शब्दका उत्पत्तिका सम्बन्धमा विभिन्न मत-मतान्तरहरू देखिन्छन्, जुन निम्नप्रकारका छन् :

> चेपाङ भाषामा 'चे' को अर्थ कुकुर र 'पाङ' को अर्थ बाण हुन्छ । कुकुर र बाणको सहायताले शिकार गर्ने शिकारी जाति भएकाले यिनीहरूको जातिगत नाम 'चेपाङ' रहन गयो ।[१]
>
> 'चे' को अर्थ 'टुप्पो' वा थाप्लो र 'बाङ्' को अर्थ चाहि ढुँङ्गो हो । पर्वतका थाप्लामा बस्ने खासजातिलाई चेपाङ भनिन्छ ।[२]
>
> कुनै स्त्री-जातिले कुमारी अवस्थामै पुरुषसँग संसर्ग गर्दा गर्भधारण गरिन् र जन्मिएको शिशुलाई ढुङ्गाको चेपमा फालिदिइन् । सो बालक प्रकृतिको संरक्षणमा हुर्कियो र 'चेपाङ' शब्दद्वारा सम्बोधन गरियो ।[३]
>
> आफ्नो पुर्ख्यौलीबारे चेपाङ बृद्धहरूले 'आफूहरू रामचन्द्रका छोरा लवहरिका सन्तान र कुशुण्डाहरू उनैका अर्का छोरा कुशहरिका सन्तान भएका' बताउँछन् ।[४]

---

[१] सूर्यमणि अधिकारी, **चेपाङ र दराई** (चितवन, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर २०६४), पृ. ३२ ।
[२] भोजराज थपलिया, **चेपाङ जाति एक परिचय**, (धरान-१, गोपाल थपलिया २०६४), पृ. १ ।
[३] भोजराज थपलिया, पूर्ववत्, पृ. १ ।
[४] विष्णुप्रसाद घिमिरे, **चितवनका आदिवासी जनजातिको सामाजिक र सांस्कृतिक अध्ययन**, (चितवन जिल्ला विकास समिति, २०६४), पृ. ३३ ।

त्रेयायुगमा भगवान् रामचन्द्रद्वारा जङ्गलमा छाडिएकी गर्भिणी सीता वाल्मीकि ऋषिको आश्रममा पुगी लवहरि र कुशहरि जन्माएको कथन रामायणमा पाइन्छ । वाल्मीकि ऋषिको आश्रम पनि यही चितवनमा रहेको मानिन्छ । साथै सो क्षेत्र वाल्मीकि आश्रमको नामले प्रसिद्ध पनि छ । चितवन जिल्ला पनि चेपाङहरूको पुरानो बासस्थान मानिन्छ । अतः यिनका पुर्खा यिनै लवहरि थिए भन्ने कुरा विचारणीय छ ।

चेपाङजातिहरू आफूलाई प्रजा भन्न रुचाउँछन् । पृथ्वीनारायण शाहको पालामा चेपाङहरूको घनावस्ती भएको मकवानपुरसमेत विजय गरेका थिए । अतः चेपाङ समुदायमा रहेको 'नेपालका राजाले आफ्ना राजालाई हराएपछि आफूहरू नेपाली प्रजा मानिएको हो' भन्ने कथन पाइन्छ ।[५]

यसरी विभिन्न मत-मतान्तरहरूलाई केलाएर हेर्दा चेपाङहरू पहाडी भेकमा बस्ने, कुना-कन्दराहरू मन पराउने, कुकुर र बाणको सहायताले शिकार खेल्ने, गीठा, भ्याकुर खाने, चिउरी सम्पत्तिको स्रोत मान्ने एवम् श्रीरामचन्द्रका सन्तानका रूपमा आफूहरू रहेको जस्ता कुराहरू देखिन आउँछन् । यी जातिहरू पुर्खादेखि नेपालमा बस्दै आएका र नेपालकै अति पिछडिएका जनजातिको रूपमा देखिएका छन् । यिनीहरूको आफ्नो भाषा, लोकसंस्कृति, परम्पराको जगेर्ना गर्नु अति आवश्यक हुन्छ ।

## २.२ चेपाङजातिको बसोबास क्षेत्र र जनसंख्या

चेपाङजातिको बसोबास क्षेत्र र जनसंख्यालाई दुई शीर्षकमा यसरी अध्ययन गरिएको छ ।

## २.२.१ चेपाङजातिको बसोबास क्षेत्र

चेपाङहरूको पुर्ख्यौली थलो मकवानपुर, चितवन र धादिङलाई नै मानिन्छ । यिनीहरूको माउथलो त्रिशूली नदीको दक्षिणपट्टिको भागलाई मानिन्छ । चेपाङहरू यस अतिरिक्त राप्ती नदीको पश्चिमोत्तर र नारायणी नदीको पूर्वतर्फ, गोर्खा जिल्लामा पर्ने त्रिशूली नदीको उत्तरीक्षेत्रमा पनि बसोबास गर्दछन् । गोर्खा जिल्लाका हिकलिङ्ग, फुर्केडका तेर्सोगाउँ, धादिङ्ग जिल्लाका जोगीमारा गा.वि.स. धुसा गा.वि.स., चितवन जिल्लाका, सिद्धी, शक्तिखोर, काउले, दारेचोक, कविलास, कोराक, लोथर, दाहखानी गा.वि.स., त्यस्तै मकवानपुर जिल्लाका राक्सिराङ्ग, चैनपुर सिलिगि, सिमर गाउँ, वाङराङ जस्ता गाउँहरू चेपाङजातिका मुख्य बसोबास स्थल

[५] बाबुराम आचार्य, **श्री ५ वडामहाराजधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी**, (काठमाण्डौं, श्री ५ महाराजधिराजका प्रमुख संवाद सचिवालय, राजदरवार २०२४-२५), पृ १२४

मानिन्छन् ।[६] उपयुक्त बस्तीहरू महाभारत पर्वत श्रृङ्खलाको उत्तर र दक्षिणपट्टिको पाखामा पर्दछन्, जसको उचाई १००० देखि २४०० मिटरसम्म पर्दछ । यो क्षेत्र मुख्यगरी जङ्गलले ढाकिएको छ । जंगलमै आफ्नो मंगल हुने विश्वास राख्ने चेपाङहरू तरुल, भ्याकुर, गीट्टा, जंगली फलफूल, सागसब्जीमा आश्रित भएका हुन्छन् र यो क्षेत्रलाई उनीहरूले मन पराएको हुन सक्छ । जहाँ-जहाँ जंगल फँडानी भयो, त्यहाँ-त्यहाँ चेपाङहरूले छोड्दै गरेका दृष्टान्तहरू पाइन्छन् ।[७]

गोर्खालाई छाडेर त्रिशुलीको उत्तरतर्फ चेपाङ बस्तीहरू कम हुँदै गइरहेको छन् । चेपाङहरू 'वनअनुसारको चरा हुन्छ', वन नभए पछि कसरी चराको कल्पना गर्ने ? चरा पनि उडिहाल्छ, यो स्वभाविक सत्य एवम् तथ्य हो । बितेका तीन दशकमा चेपाङहरू उपयुक्त भूमिको खोजिमा बसाइँ सर्न थाले । उनीहरू नारायणी नदीपारी पनि पुगे । तनहुँको पूर्वी भेग र नवलपरासीको गैंडाकोट र नवलपुरसम्म उनीहरू बसाइँ सरे । औलो उन्मूलन भइसकेपछि उनीहरू फेरि चितवनतर्फ पनि झरे । हाल यिनीहरू चितवनका विभिन्न भेगमा छरिएर बसेका छन् । भाषिक सांस्कृतिक सम्यताले चेपाङहरू झुरूप्प भएर सँगै बस्न रुचाउँछन् तापनि यिनीहरूको कसैकसैको बाहेक अफ्नो खेती गर्ने जग्गा जमिन छैन । चेपाङहरू भीर, पाखो, ढुङ्गेनी जमिन फाँडेर बस्दछन् । उनीहरूसँग उर्वरायोग्य जमिन हुँदैन । उनीहरूका क्षेत्रमा अरू जातका टाठाबाठा मानिसहरू प्रवेश गरी खेतीयोग्य जमिन हत्याएर सोझा जातिलाई नाङ्गाको नाङ्गै पारिदिए ।

यसरी चेपाङहरू विभिन्न ठाँउमा छरिएर उनीहरू एक आपसमा ज्यादै मिलेर बसेका देखिन्छन् । पाखा-पखेरा, कन्दरा र कन्दमूलसँग रमाउने चेपाङहरू विभिन्न क्षेत्रहरूमा बसेका पाइन्छन् ।

## २.२.२ जनसंख्या

नेपालका आदिवासी जनजातिमध्ये चेपाङ (प्रजा) जाति पनि एक हो । नेपालमा २०५८ सालमा लिइएको राष्ट्रिय जनगणनाअनुसार यस जातिका मानिसको कुल संख्या ५२२३७ देखिन्छ । यो जनसंख्या नेपालको कुल जनसंख्याको ०.२३ प्रतिशत हुन आउँदछ । यसअन्तर्गत पुरुष २६६८५ र महिला २५५५२ पर्दछन् । तीमध्ये चितवन जिल्लाका विभिन्न गा.वि.स./ न.पा.मा भएका चेपाङजातिको जनसंख्या बिवरण यसप्रकार छ :

---

[६] इन्द्रजङ्ग वाइवा तामाङ्ग, **२०१८ साल पहिलेको चेपाङ (पर्जा) जातिहरूको पुर्ख्यौली इतिहास** (चितवन, इन्द्रजङ्ग वाइवा तामाङ्ग, २०६१), पृ. २ ।
[७] भोजराज थपलिया, पूर्ववत्, पृ. ६-७

| क्र.सं. | गा.वि.स./नगरपालिका | चेपाङ जनसंख्या |
|---|---|---|
| १ | लोथर | ३२५८ |
| २ | कोराक | २६३४ |
| ३ | सिद्धी | २८२७ |
| ४ | पिप्ले | १४०१ |
| ५ | भण्डारा | २४७ |
| ६ | वीरेन्द्रनगर | ८३ |
| ७ | चैनपुर | २९ |
| ८ | कठार | ६२ |
| ९ | खैरहनी | ४४ |
| १० | पदमपुर | २०८ |
| ११ | र.न.पा. | १५७ |
| १२ | पिठुवा | २७ |
| १३ | जुटपानी | ४१ |
| १४ | शक्तिखोर | २५७५ |
| १५ | काउले | ३१५५ |
| १६ | कविलास | ५४० |
| १७ | दाहाखानी | ६८२ |
| १८ | चण्डीभन्ज्याङ्ग | १३३६ |
| १९ | दारेचोक | १०५८ |
| २० | भ.न.पा. | १७२ |
| २१ | शिवनगर | ५ |
| २२ | पटिहानी | १६ |
| २३ | गीतानगर | ५ |
| २४ | जगतपुर | १८ |
| २५ | अयोध्यापुरी | ६५३ |
| | जम्मा : | २१२३३ |

यसअनुसार चेपाङहरूको बसोबास संख्या सबभन्दा बढी ३२५८ जना लोथर गा.वि.स.मा र सबभन्दा कम ५ जना शिवनगर र गीतानगर गा.वि.स.मा देखिन्छ । यो चितवनको कुल जनसंख्याको ४.५३ प्रतिशत हुन आउँछ ।[८]

माथि उल्लेखित विवरणलाई हेर्दा चितवनका चेपाङ समुदायहरू विभिन्न ठाउँमा छरिएर रहेको पाइन्छ ।

## २.३ चितवनका चेपाङजातिको थर र गोत्र

चेपाङहरूलाई मुख्य गरेर पुकुन्थली र कछारे गरी दुई समूहमा वर्गीकरण गरिएको पाइन्छ । तिनीहरूको परिचय यसप्रकार छ :

### २.३.१ पुकुन्थली

चेपाङ बसोबास क्षेत्रको पूर्वी भागमा विशेष गरेर मकवानपुर जिल्लामा पुकुन्थली चेपाङहरूको बसोबास छ । कछारे चेपाङहरूको तुलनामा यिनीहरू अलि विकसित जस्ता देखिन्छन् । यिनीहरूको मुख्य व्यवसाय कृषि रहेको छ । यिनीहरूलाई आफ्ना थरहरूको बारेमा ज्ञान छ । पुकुन्थली चेपाङका केही थरहरू र ती थरहरूको उत्पत्ति निम्नानुसार उल्लेख गरिएको छ :

| | |
|---|---|
| ब्रोशो | - ब्रुशुवाङ्गबाट आएका जाति |
| वङ्ग्राङ्गे | - जसका पुर्खाले ढुंगेनी जमिन आवाद गरेका थिए |
| लोवाङ्गी | - लोवाङ गाउँबाट आएका |
| धुवाकोटी | - धुवाँकोटबाट आएका |
| रूपाकोटी | - रूपाकोटबाट आएका |
| ज्याम्राङ्गे | - ज्यामीरेबाट आएका |
| बाङ्गराङ्गे | - बाङ्गराङ्गबाट आएका |
| मिझार | - जसका पुर्खाहरू मिझार थिए |
| नाइके | - चेपाङ आमा र रानामगर बाबुबाट जन्मेको |
| व्याल | - चेपाङ आमा र नेवार बाबुबाट जन्मेको |
| कमर | - चेपाङ आमा र कमर जोगीबाट जन्मेको |

[८] विष्णुप्रसाद घिमिरे र डी.आर. पोखेल, **चेपाङ (प्रजा) जातिको सामाजिक एवम् सांस्कृतिक जीवन : एक अध्ययन** (चितवन, जिल्ला विकास समिति, २०५८ मा प्रस्तुत), पृ. ३२-३२ ।

नगरकोटी - चेपाङ आमा र नगरकोटी नेवार बाबुबाट जन्मेको

रोम - डोकाडाला बुन्ने

पेटारे - विवाहमा डोला बोक्ने

साउने - रोपाइँमा गरा सम्याउने

पुकुन्थली चेपाङका अन्य थरहरूमा डोलवांगी, बोडे, जुङ्ग्राङ्गे, दङ्गाली, भार, रिङ्गवांगे आदि छन् ।[९]

## २.३.२ कछारे (सुनप्रजा)

चितवन जिल्लाको उत्तरी भेक, गोरखा, तनहुँ जिल्लाको दक्षिणी भेकका चेपाङहरू ज्यादै पिछडिएका छन् । यिनीहरू धरैजसो शिकार र जङ्गली कन्दमूलमा नै आफ्नो जीविकोपार्जन गर्दछन् । चितवनका प्रजाहरूका थरहरू रिङडिङ्गे, वाङमेली, खोर्पाली, राङ्गचुराङ्गे, गोहसुराङ्गे, तामपाङ्गे, तितुङ्गे, रिङ्गदुङ्गमल्ला, तिपाङ्गे, रामराइडा, साहुवा, राईरोम, भार, थुक्काली, देनथोके, महेशपारे, सेहपारे, रामसुराङ्गे, थामी, किपाङ्गे, ट्याउलिङ्गे, दुराथोके, कोशांग्री आदि रहेका छन् ।[१०]

यसरी चेपाङका विभिन्न थरहरू रहेका पाइन्छन् । कति कछारे चेपाङहरूलाई त आफ्ना थरको बारेमा समेत ज्ञान छैन । यिनीहरू महाभारत पर्वतको पाखापखेरामा बस्ने, कन्दमूल सङ्कलन गर्ने, पाखा पखेरामै कोदो, फापर, मकै आदिको खेती गर्ने, बाख्रापालन गर्ने जस्ता काम गर्न रुचाउने देखिन्छन् । केही चेपाङहरू राजमार्गको आसपासमा बस्ने सहरी क्षेत्रसँग बढी सम्पर्कमा रहेर आफ्नो आर्थिक एवम् सामाजिक चालचलनमा केही फरक आएको पाइन्छ ।

## २.४ चितवनका चेपाङजातिको सामाजिक अवस्था

चितवनका चेपाङजातिको सामाजिक अवस्था यसप्रकार रहेको छ :

## २.४.१ घरका बनावट तथा स्थिति

चेपाङजातिहरूमा बनमा नै बस्ने, गुफा, कन्दरामा आफ्नो जीवन बिताउने चलन पाइन्छ तर आज आएर चेपाङहरू घर बनाउन पनि थालेका छन् । चेपाङहरूलाई संबोधन गर्दा बनराजा भनि बोलाइन्थ्यो । पहिले पहिले चेपाङहरूले बर्षेनी घर बनाउने गर्दथे । बर्षेनी घर

[९] सूर्यमणि अधिकारी, पूर्ववत्, पृ. ३६ ।
[१०] विष्णुप्रसाद घिमिरे, पूर्ववत्, पृ. ३५ ।

सार्थे, पछि केही बर्षपछि अथवा तीन-तीन वर्षमा सार्न थाले तर बर्षैपिच्छे धुरी, खाँवा फेर्ने गर्दथे । धुरी खावाँ फेरेपछि १२ वर्षसम्म बस्न हुन्छ भन्न थाले । अहिले आएर अलि राम्रा घर बनाउन थालेका छन् । जुन घरमा बुढापाका छन् बर्षैपिच्छे त्यस घरको धुरीमा नयाँकाठ थप्ने चलन छ ।

चेपाङहरूले आवास अझै पनि प्रायः ढुङ्गा, माटो, काठ, बाँसको प्रयोग र जङ्गलबाट ल्याएर खरले छाउने गर्दछन् । सामान्यतः चेपाङहरूमा परम्परागत घरको बनौटलाई पाँच प्रकारमा बाँड्न सकिन्छ :

क) वङ्कीम (ओडारलाई घरको रूपमा प्रयोग गर्ने, यस ओडारको मुखमा गारो लगाई भित्र पस्ने ढोका समेत बनाइएको हुन्छ ।)

ख) निस्पाखेकिम (काठको खाँवा गाडेर तलो छापी बनाइएको घर ।)

ग) सिमकिम (यस्ता घरको छाना धेरै भिरालो र तलसम्म झरेको हुन्छ र जाडो, हावा र बर्षाबाट बँच्न यस्तो घर उपयोगी मानिन्छ ।)

घ) गोरेकिम (गारो लगाई बनाइएको एक पाखे घर ।)

ङ) फलिकोकिम (कटेरो बनाई त्यसको चारैतिर चिम वा फलेकले बारेर एक ठाउँमा ढोका हालिन्छ ।)

## ४.२.२ पेसा तथा आयस्रोत

चेपाङजातिको पेसा तथा आयस्रोत यसप्रकार छ :

## २.४.२.१ पेसा

चेपाङहरूको मुख्य व्यवसाय खेती नै हो । भिराला पाखा, पखेरामा उनीहरू घैया, मकै, कोदो, कागुनो, जुनेली, सामा, फापर आदि उब्जाउछन् । यिनीहरूमा आधुनिक तरिकाबाट खेती गर्ने प्रचलन प्रायः छैन् । आजकल आएर गोरु पालेर खेती गर्न भने थालेका छन् । खेती गर्दा पनि यिनीहरूलाई विभिन्न किसिमका समस्याहरू परेका देखिन्छन् । जस्तैः भूक्षय, कृषिऋण, खेतीयोग्य जमिनको अनुपातमा सन्तानको भार बढी, फजुल एवम् अनुत्पादन खर्च, निराशावादी मनोवृत्ति जस्ता विभिन्न कारणहरूले चेपाङजातिमा कृषिव्यवसाय त्यति फस्टाउन सकेको छैन ।

### २.४.२.२ आयस्रोत

चेपाङहरूको मुख्य आयस्रोत यो नै हो भनेर भन्न सकिंदैन् । यिनीहरूले पशु पाले तापनि आफ्नै प्रयोजनका लागि मात्र पाल्दछन् । कसैकसैले बर्षमा एक दुईवटा खसी-बोका पनि बिक्री गर्दछन् । चाडपर्व, विवाह, मृत्युसंस्कारमा आवश्यक पर्ने हुनाले केही कुखुरा र संगुर पनि पाल्दछन् । चेपाङ बस्तीमा जङ्गलमा च्यूरीका बोटहरू प्रशस्त देखिन्छन् । च्यूरीको फल चेपाङहरूको प्रमुख आयस्रोत हो । यिनीहरू च्यूरीको फल खाएर भोक टार्ने गर्दछन् । च्यूरीको वियाँ पेलेर ध्यू निकालिन्छ र यो खाने अनि साबुन बनाउने काममा विभिन्न बजारमा लगेर बेच्छन् । त्यो पैसाले नुन, तेल, कपडा किन्दछन् । च्यूरीकोबोट आम्दानीको स्रोत भएको कारणले धेरै च्यूरीहुने परिवार धनी परिवार मानिन्छ । त्यस्तै यिनीहरूको घरेलु उद्योग धन्दाहरूमा डोको, डालो, थुम्से, भकारी, माछा मार्ने जाली र जावी बुन्ने गर्दछन् । चेपाङहरू जङ्गली मौरीबाट मह पनि निकाल्दछन् । आजकल चेपाङहरू आफ्नै घरमा पनि मौरी पालन गर्न लागेका छन् । त्यस्तै यिनीहरू शिकार गर्ने, माछा मार्ने र बेच्ने गरेर पनि केही आम्दानी प्राप्त गर्ने गर्दछन् । चेपाङहरू आजकल केही पढेलेखेर सरकारी नोकरीतर्फ पनि लागेका छन् ।

### २.४.३ खानपान

चेपाङहरू जङ्गलको आसपासका क्षेत्रमा बस्ने हुँदा यिनीहरूका खानाहरू वनका कन्दमुल, चरा, खोरिया बारीमा उब्जने कोदो, फापर, मकै, सामा, कागनु, जुनेलो, गहत, फर्सी आदि हुन् । आफ्नो उब्जनीले यिनीहरूलाई बर्षामा जम्मा ३-६ महिनासम्म मात्र खान पुग्छ अरु महिना वनका गिठा, भ्याकुर, त्यागुनु, भार्लाङ, टाँकी, सिस्नु, कोइरालो, न्यूरो, चोया आदिले भोक टार्छन् । कुनै पर्व वा विशेष अवसरमा हाल आएर अरुको ज्याला गरेर वा ऋण गरेर भए पनि दाल, भात, मासु, माछा, जाँड, रक्सी आदि खाने गरेको पाइन्छ । सुत्केरी भएका अवस्थामा पनि आइमाईलाई सिस्नुको खोले खुवाउनु पर्ने स्थिति कैयौं चेपाङहरूमा आज पनि रहेको छ । खाना खाँदा पनि परिवारका मानिससँगै बसेर सबैलाई बराबर गरी एकैचोटी पस्कने र खाने चलन छ ।

### २.४.४ भाषा

चेपाङ समुदायमा आफ्नै चेपाङ्भाषा भोट बर्मेली परिवारको भाषा हो । यिनीहरू आफ्ना समुदायमा आफ्नै भाषामा कुराकानी गर्दछन् । यिनीहरूका परम्परागत लोकगीत तन्त्रमन्त्र आदि आफ्नै भाषामा पाइन्छन् । हाल करिब ७०.५ प्रतिशत चेपाङहरू आफ्नै भाषा

बोल्दछन् । अरुसँग कुराकानी गर्दा नेपाली भाषा पनि बोल्ने र अरुले बोलेको नेपाली भाषा बुझ्ने गर्दछन् । यिनीहरूले बोलेका चेपाङ भाषालाई नेपाली भाषामा नमूनाका रूपमा तल प्रस्तुत गरिन्छ । जस्तै :

नाङ गाठाङ गाना = तिमी कता जान्छौ ?, ङादी दिआना = मलाई तिर्खा लाग्यो, वाङ = ढुङ्गो, थोर = गोरु, ग्याम = आँगन, आमसेसा = भात खाने ? वाङ पढायु = तिमी पढ, नेलाउ = सिस्नो, टाँकीको साग, गोचाक्, किमपाई = घर, साइसा = सुन्ने, ताक् = गीट्ठा, पाज्यो = १, निज्यो = २, सुम्ज्यरे = ३, चारता = ४ आदि ।

## २.४.५ भेषभूषा एवम् गरगहना

चेपाङहरू कपडा बुन्न र सिउन जान्दैनन् । चेपाङ बालबच्चाह प्रायः नाङ्गै रहन्छन् । आइमाई मानिसले शरीर देखाउन नमिल्ने भाग मात्र छोटो कपडाले छोप्दथे अरु भाग खाली नै रहन्थ्यो । छोरा मान्छेको पहिरन कट्टीमा सिस्नुको पाटको कन्धनी बाँध्ने र सानो ठाडो धोती लगाउँथे । बुढापाकाका भनाई अनुसार चेपाङहरू कपासको खेती गरी मगर्नीहरूलाई अधियामा कपडा बुन्न दिन्थे । त्यही कपडाबाट भोटो, कछाड, टोपी, नारीका पटुका, गुन्यु, चोलो आदि बन्दथे तर अहिले आएर बाहिरका कपडाले गर्दा पुराना चलनहरू हराए । आजकल चेपाङ पुरुषहरू भोटो, दौरा, कछाड, पाइन्ट, कमिज र नारीले ब्लाउज, चोलो, गुन्यु, सारी आदि लगाउँछन् ।

चेपाङ महिलाहरू गहना लगाउने सौभाग्य प्रायः पाउँदैनन् । कसैकसैले कानमा पित्तलका गहना, हातमा सिल्वरका बाला, कंपनी पैसा र मुगाको माला, नाकमा बुलाँकी, गलामा पोते आदि लगाएको देखिन्छ ।

## २.४.६ पारिवारिक बनोट तथा महिलाको स्थान

चेपाङजातिको समाज मूलतः पितृसत्तात्मक समाज हो । चेपाङजातिमा संयुक्त र असंयुक्त परिवारको प्रचलन पनि पाइन्छ । परिवारको मुख्य वा कर्ता बाबु वा परिवारको सबभन्दा जेठो जो छ त्यही हुन्छ । उसैको इशारामा घर व्यवहार चलेको हुन्छ । चेपाङजातिमा बुहपत्नी पद्दति प्रचलित रहेको पाइन्छ । सौता-सौताको कलहलाई चेपाङसमाजमा सामान्य लिइन्छ । चेपाङ समुदायमा पेवाको प्रचलन नारी, पुरुष दुबैमा पाइन्छ । पुरुषहरूका पेवाको कारणले गर्दा पनि परिवारमा बेमेल आएको पाइन्छ । उनीहरू आफ्ना पेवाले जमिन किन्न रुचाउँछन् र विवाह पछि त्यही पेवाको जमिनमा घर बनाई बस्ने चलन छ ।

चेपाङ समुदायमा बाबु, त्यसपछि आमा, जेठो छोरा, जेठी छोरी, बुहारीको हैकम चल्दछ । लोग्ने मानिसभन्दा आइमाईहरू बढी व्यवहार निपुण गर्न र वाक्पटु देखिन्छन् । सबै अनुशासित, सोझो प्रकृतिका तर कर्मठ स्वभावका भएकाले विहान बेलुकी घरमा बसेका समयमा पनि परिवारको प्रमुखको इशारामा काम गरिरहने स्वभाव यिनीहरूमा पाइन्छ ।

## २.४.७ चेपाङजातिको अन्य जातिसँगको सम्बन्ध

चोपाङहरूले बाहुन, क्षेत्री, तामाङ, मगर, घर्ती आदि अन्य जातिलाई 'स्यो' भन्ने गर्दथे । पहिला-पहिला यिनीहरू यस्ता जाति देख्ने बित्तिकै 'स्यो' आयो भन्दै घर छोडेर जङ्गलतिर भाग्ने गर्दथे तर आजभोलि चेपाङजातिको बाहुन, क्षेत्री, गुरुङ्ग, मगर, घर्ती, तामाङ, कामी, दमै, सार्कीसँग समाजमा उठबस, कुराकानी र पारस्परिक सम्बन्ध भएको देखिन्छ । तराईका जातिमध्ये मुख्य गरी थारुसँग यिनीहरूको सम्बन्ध छ । क्षेत्री, बाहुन, गुरुङ्ग, तामाङबाट यिनीहरू ऋण लिन्छन् र काम गरी त्यो ऋण तिर्ने गर्दछन् । आफ्ना घरमा केही चाडपर्व पऱ्यो भने वरिपरिका अन्य जातका मानिसलाई बोलाउने, भोजभतेर खुवाउने र अरुका घरमा पनि जाने परम्परा यिनीहरूको छ ।

## २.५ चितवनका चेपाङजातिमा गरिने सामाजिक संस्कारहरू

चेपाङसमाजमा आफ्ना ब्राम्ह्ण पुरोहित हुँदैनन् । आफ्नै जातिका घाटिका धामी, झाँक्री, ज्वाँइचेला आदिद्वारा धार्मिक एवम् संस्कार कार्य सम्पन्न गर्दछन् । चेपाङ समुदायमा प्रचलित संस्कारहरू यसप्रकार छन् :

## २.५.१ जन्म संस्कार

चेपाङका आफ्नै जातीय पुरोहित हुन्छन् । यिनीहरू पुरोहितका रूपमा धामी, झाँक्री तथा ज्वाइँचेला आदिद्वारा धार्मिक एवम् संस्कारकार्य सम्पन्न गर्दछन् । चेपाङजातिमा सुत्केरी हुनुपूर्व महिलाहरूलाई पराल ओछ्याई छुट्टै कोठामा लगी सुत्केरी गराउने सामान्य चलन छ । बालक जन्मेको नवौं दिनमा ज्वाइँ वा भानिज बोलाएर उनैद्वारा नवजात शिशुको नाम जुराउने, हातमा धागो बाँध्ने, गहुँत छर्कने र जन्मेको बारको आधारमा नाम राख्ने चलन छ ।

### २.५.२ भात ख्वाई

चेपाङजातिमा छोरीको ५ महिनामा र छोराको ६ महिनामा भात खुवाउने सामान्य चलन भए पनि कसै कसैले न्वारनकै दिनमा जुठो लगाउने गरेको पनि पाइन्छ ।

### २.५.३ छेवर

चेपाङ समुदायमा ब्रतबन्धलाई छेवर गर्ने भनिन्छ । छोरा ५ देखि ९ वर्षको हुँदा सामान्यतया छेवर गर्ने चलन हुन्छ । छेवरमा मामाले छुरा वा कैंचीद्वारा भानिजको केश काटिदिन्छन् । धनीहरूकहाँ छेवरमा अरु इष्टमित्र पनि बोलाई जाँड, रक्सी, रोटी आदिको व्यवस्था गरेर भोज खुवाउने, नाचगान गर्ने प्रचलन छ ।

### २.५.४ विवाह

चेपाङ समुदायमा मागी, भगाई, जारी र विधवा विवाह गर्ने प्रचलन रहेको पाइन्छ । जसलाई निम्नानुसार व्याख्या गर्न सकिन्छ :

#### २.५.४.१ मागी विवाह

केटाकेटीको उमेर विवाहयोग्य भएपछि सर्वप्रथम केटाको घरबाट केटीको घरमा रक्सीको पुङ् लिएर विवाहको प्रस्ताव राख्न जान्छन् । विवाहको प्रस्ताव राख्दा गीतका माध्यमबाट राख्ने चलन छ । सो प्रस्ताव मन्जुर भएपछि केटी पक्षका मानिसले केटा पक्षलाई पुनः दोस्रो पटक आउनुहोला सल्लाह गरौंला भन्दछन् । दोस्रो पटक जाँदा सगुन (पुङ्) लिएर जान्छन् र सो पुङ् खाई निश्चित दिन तोकेर फर्कन्छन् । जन्ती लिएर जाने दिनमा दुलही पक्षले मागेअनुसारका कपडा, गहना, रोटी, जाँड रक्सी, कुखुराको भाले, चामल, दहीको ठेकी आदि लिई आफ्ना इष्टमित्र, ज्वाइँचेला, भाइबन्धुका साथमा जान्छन् र आफ्नो विवाह कार्य सम्पन्न गरी दुलही लिएर घर फर्कन्छन् ।

#### २.५.४.२ भगाई वा प्रेम विवाह

केटाकेटीको आफ्नो मन मिलेर दुवैको सहमतिमा भागेका वा केटाले एकतर्फी रूपमा अपहरण गरी वैवाहिक रूप दिन खोजेमा माइतीको समर्थन लिनुपर्दछ । बच्चा भएपछि पनि

माइतीलाई दसैमा सगून लैजानु पर्दछ । माइतीलाई भोज नदिएसम्म सो विवाहको सामाजिक मान्यता पनि हुँदैन ।

### २.५.४.३ विधवा विवाह

चेपाङसमाजमा दाजु मरेपछि भाउजू वयस्क अवस्थाकी भएमा देवरले विधवा भाउजू राख्न पाउँछ । दाजु मरेमा भाउजू राख्न नसक्ने देवरको इज्जत जान्छ । भाउजू राख्दा पनि देवरले माइतीलाई पुनः 'पितौरी दस्तुर' तिर्नु पर्दछ । दोस्रो विवाह गर्नु परेमा चेपाङहरू प्रायःजसो सालीसँग गर्दछन् । कछारे चेपाङहरूको तीनपुस्ता नाघेपछि आफ्नै वंशमा पनि विहेवारी चल्दछ ।

### २.५.५ मृत्युसंस्कार

चेपाङ समुदायमा मानिसको मृत्यु हुने अवस्थामा बाँच्दैन भन्ने भएपछि उसको मुखमा सुनपानी र गोजीमा पैसा राखिदिने चलन छ । सो पैसा मानिस मरेपछि स्वर्गजान लाग्दा बाटामा रहेका चौकीमा बुझाएर सजिलै स्वर्ग जान पाउँछन् भन्ने जनधारणा पाइन्छ । मानिस भरेपछि लासलाई हरियो बाँसमा बाँध्ने घरमै दागबत्ती दिएर अक्षता छरी उठाउने चलन छ । लासलाई डाँडामा लगेर खाडल खनी काठको टाँड बनाई त्यसभित्र लासलाई राखी माटो, स्याउला, ढुङ्गाले पुरिन्छ । मानिस मरेको दिनमा चेपाङ समुदायमा एकदिन एकछाक छोड्ने चलन छ । मरेको १० देखि १३ औं दिनमा जौ, तिल, गहुत, दुबो आदि एकै ठाउँमा राखी ज्वाइं वा भानिजद्वारा मन्त्र जपी फुकेर खुवाएपछि शुद्ध हुने चलन छ । छोराबुहारीले आमा मर्दा वर्ष दिन दूध र बाबु मर्दा माछा, मासु नखाने चलन छ । वर्षदिनमा 'सरात' नामको कर्ममा चामलको भात वा पिठोको पिण्ड बनाई मृतकका नाममा नजिकैको ठूलो ढुङ्गामा चढाई 'तिमी आजदेखि तऱ्यौ' भन्दै अन्त्येष्टि संस्कार सम्पन्न गरिन्छ ।

## २.६ चितवनका चेपाङजातिको सांस्कृतिक परम्परा

चितवनका चेपाङजातिहरूले विभिन्न किसिमका सामाजिक रीतिरिवाज, चालचलन, सांस्कृतिक परम्परा, पूजाआजाहरू गर्दै आएका छन् । चेपाङहरूको परम्परागत धर्म भनेको प्रकृति हो । यिनीहरू प्रकृतिजन्य हुनका साथै यिनैसँग सम्बन्धित अनेक देवीदेवता पुज्दै आएका र पछि अरु जातिहरूका संस्कृति, धर्म आदिको सम्पर्कले गर्दा केही परिवर्तन हुँदै आएको पाइन्छ ।

## २.६.१ चेपाङजातिले गर्ने केही प्रमुख पूजाआजा

चेपाङ समुदायमा आफ्नै प्रकारका रीतिरिवाज, धर्म, संस्कृतिहरू रहेका छन् । यिनीहरू धार्मिक, सामाजिक, सांस्कृतिक जीवन एवम् स्वास्थ्योपचार सम्बन्धी क्रियाकलापमा पनि तन्त्रमन्त्र, धामीझाँक्री भूतप्रेत आदिको ठूलो प्रभाव परेको पाइन्छ । यिनीहरूले पूज्ने प्रमुख देवीदेवता यसप्रकार छन् :

### २.६.१.१ नामरुङ्ग

नामरुङ्ग चेपाङहरूका कुलदेवता हुन् । चेपाङहरूको परम्परागत पेसा सिकार भएकाले नामरुङ्गलाई सिकारी देवताका रूपमा मान्दछन् र सिकारी देवतालाई प्रसन्न पार्नु यिनीहरूका निमित्त परमावश्यक मानिन्छ । चेपाङहरू नामरुङ्गको साथमा धनु र वाँणको पनि पूजा गर्दछन् । शिकारी देवता प्रशन्न भए भने सिकार सजिलै प्राप्त हुन्छ र अन्य अनिष्ट आइपर्दैनन् भन्ने धारणा चेपाङहरूमा छ । कुनै शुभदिन पारी चेपाङहरूले कुखुराको बली चढाई नामरुङ्गको पूजा गर्दछन् र सिकारका लागि जान्छन् । सिकार प्राप्त भएपछि त्यसको मुटुको रगत पुनः नामरुङ्ग देवतालाई चढाउनु पर्ने चलन छ ।

### २.६.१.२ भूँयर

चेपाङहरू भूमिदेवतालाई भूँयर भन्दछन् । आफ्नो जमिनमा खेती, फलफूल, कन्दमूल राम्रो होस्, तिनमा रोग नलागोस्, बर्षा समयमा होस्, अनिकाल नहोस् भनी भूँयर देवताको पूजा गर्दछन् ।

### २.६.१.३ गौडू देवता

चेपाङहरू गाई, बाख्रा, कुखुरा, सुँगुर, मौरी आदि बढुन्, तिनमा रोग नलागोस् भनी गौडू देवताको पूजा गर्दछन् ।

### २.६.१.४ वायु देवता

चेपाङ समुदायमा मानिस मरेपछि उसको आत्मा (प्रेतात्मा) वायुको रूपमा रहन्छ भनी समय समयमा आफ्ना बन्धुबान्धव जम्मा भई वायुको स्थानमा कुखुरा काटेर पूजा गर्ने चलन छ ।

### २.६.१.५ आइतबारे

चेपाङहरू आफू र आफ्ना सन्तानहरूलाई हैजा, दादुरा आदि महामारी रोग नलागोस् भनेर आइतबारेको पूजा हरेक वर्षको कार्तिक अथवा चैत्र महिनामा गर्दछन् ।

### २.६.१.६ गोसाई बाबा

गाई पाल्ने चेपाङहरू गोसाई बाबाको गोसाई महादेवका नामले कार्तिक महिना पारेर प्रतिवर्ष पूजा गर्दछन् । चेपाङ समुदायका आफ्ना पुरोहित पाण्डे र महापाण्डे हुन्छन् । ढ्याङ्ग्रो ठटाएर भूतप्रेत धपाउन सक्ने र कुलायन पूजा गर्न जान्नेलाई पाण्डे भनिन्छ भने महापाण्डेले मरेको मानिसलाई स्वर्ग तार्न सक्छ, प्रेतात्मालाई मार्न सक्छ, असिना टार्न सक्छ, पानी पार्न सक्छ र अरू पनि अद्भुत कार्य गर्न सक्छ भन्ने विश्वास गर्दछन् । यसरी विभिन्न आस्था र विश्वासका साथ चेपाङहरू आफ्ना पूजाआजा गर्दछन् ।

## २.६.२ चितवनका चेपाङसमाजमा मनाइने चाडपर्वहरू

चितवनका चेपाङहरू पनि हिन्दुधर्मप्रति बढी आस्थावान् रहेका देखिन्छन् । यिनीहरू विभिन्न प्रकारका चाडपर्वहरू मनाउँदछन्, जुन निम्नानुसार रहेका छन् :

### २.६.२.१ चण्डीपूर्णिमा

चेपाङहरू वैशाख शुक्ल पूर्णिमा वा चण्डीपूर्णिमाका दिनमा गोठमा कुखुरा काटी गौडी पूजा गर्दछन् । आफ्ना चेलीबेटी समेत बोलाएर भोज खाने गर्दछन् । यस अवसरमा कसैले सेलरोटी पकाएर इष्टमित्र सहित जम्मा भई खानपिन गरी रमाइलोसँग यो पर्व मनाउँदछन् ।

### २.६.२.२ न्वागी (छनम्)

हरेक वर्ष भाद्रशुक्ल पूर्णिमाका दिन चेपाङ समुदायमा न्वागी खाने पर्व पर्दछ । यस समाजमा प्रायः खेती पाकेर घरमा भित्री सकेको हुन्छ । यस दिन भूमि पूजा गरी आफ्ना पितृहरूलाई नयाँ खेतीको उब्जनी चढाई आफूले पनि खाने गर्दछन् । न्वागीका अवसरमा कसैले आफ्नै घरमा र कसैले स्थानीय पुरोहित पाँडेको घरमा आ-आफ्नो घरबाट अन्न, फलफूल, जाँड, रक्सी आदि लैजान्छन् । साथै पाँडेले पनि ढ्याङ्ग्रो ठोकी रातभर पितृहरूलाई फलाक्दै बोलाएर नयाँ अन्न अर्पण गराउने कार्य तान्त्रिक पद्वतिद्वारा गर्दछन् ।

### २.६.२.३ दसैं

दसैं पर्व चेपाङहरू छिमेकी हिन्दूहरूले मनाएजस्तै आफ्नो सामर्थ्यअनुसार मनाउँदछन् । दसैंमा दाजुभाइ जम्मा भई कुखुरा, हाँस, पाठा आदि बली दिएर देवीको पूजा गर्नुका साथै मासु, रक्सी, जाँड, रोटी, फलफूल आदि खाने र मान्यजनको हातबाट टीका लगाउने, आशिष लिने, पिङ खेल्ने आदि गर्दछन् । दसैंमा यिनीहरू पनि पाँचदिनसम्म टीका लगाउँछन् र टीकामा छोरीज्वाइँ आउनु अनिवार्य मानिन्छ ।

### २.६.२.४ तिहार

तिहारका अवसरमा यिनीहरू औंसीका दिनमा गाईपूजा गर्ने, पशुहरूलाई कुँडो-पिठो खान दिने, साँझमा बत्ती बाल्ने, द्वितीयाका दिन दिदीबहिनीले दाजुभाइलाई टीका लगाउने दीर्घायुको कामना गर्ने, जाँड, रक्सी, रोटी आदि खानपिन गराउने र आफूले पनि खाने, पिङ खेल्ने गरी रमाइलोसँग मनाउँदछन् ।

### २.६.२.५ माघेसंक्रान्ति

माघमा प्रायः जाडो बढ्ने, आफूसँग कपडाको कमी हुने र पाखापखेराबाट उब्जेको अन्न पनि सबै सकिएको बेला पर्ने हुँदा माघेसङ्क्रान्तिलाई दुःख निम्त्याउने सङ्क्रान्तिका रूपमा लिन्छन् । दुःख नै परे तापनि यो चाड आफ्ना इष्टमित्र भेला भई जाँड, रक्सी, रोटी, माछा, मासु, तरुल आदि खाएर मनाउँछन् ।

### २.६.२.६ चैतेदसैं

चैतेदसैं पर्व चेपाङहरू अनिकाल, हावाहुरी, बाढी, पहिरो आदिबाट बचिने हो कि, होइन भन्दै सुँगुर, कुखुरा, बाखा काटेर जाँड, रक्सी, रोटी आदि खाँदै रमाइलो गरी मनाउँछन् ।

यसरी चेपाङ समुदायमा विभिन्न अवसरमा, चाडपर्वमा आफ्ना इष्टमित्र जम्मा भई आफ्नो गच्छेअनुसारको खर्च गरेर चाडपर्वहरू मनाउँछन् । आफ्नो पुरानो संस्कृतिलाई यिनीहरूले आजसम्म पनि जोगाउँदै आएको पाइन्छ ।

## २.७ निष्कर्ष

चेपाङजातिमा रहेका केही सांस्कृतिक कर्म एवम् परम्परामा यिनीहरूको आफ्नोपन पाइए तापनि अरू जातिकोभन्दा खासै अन्तर भएको देखिँदैन । समग्रमा हिन्दुधर्मावलम्बीका रहनसहन एवम् चाडपर्वहरू नै यिनीहरूका पनि चाडपर्व रहेको पाइन्छ । चाडपर्व मनाउने, पूजा गर्ने चलनमा भने केही भिन्नता रहेको छ ।

# परिच्छेद : तीन

## ३.१ लोकगीतको सैद्धान्तिक परिचय

लोकगीत लोकसाहित्यको प्रमुख विधा मानिन्छ । लोकगीत कुनै पनि देश, समाज, क्षेत्र र जातिको पहिचान गराउने सांस्कृतिक सम्पत्ति हो । जनजीवनको सुखदुःख, हर्ष-विस्मात, जय-पराजय, आँसु-हाँसो, माया-पिरती, गुनासो-घृणा आदि कुराहरूलाई सरल र सहज ढङ्गबाट प्रस्तुत गरिने बोधात्मक अभिव्यक्ति नै लोकगीत हो । लोकगीत भन्नाले लोकले गाउने वा लोकको गीत भन्ने बुझिन्छ । लोकगीतको विभिन्न प्रकारको स्वरूप, संरचना र गायन परम्परा रहेको पाइन्छ । दोहोरी, तीजका गीत, देउडा, झ्याउरे, असारे यी सबै लोकगीतकै उदाहरण हुन् । लोकगीतका रचनाकार अधिकांश रूपमा नारी समाज हुन्छ, त्यसैले लोकगीतमा नारीजातिको कोमल भावोद्गार बढी मात्रामा पाइनु अनौठो कुरा होइन । समस्त लोकजीवनको प्रतिनिधित्व गर्ने लोकगीतको उत्पत्ति कसरी र कहाँबाट भयो भन्ने कुराको ठोस प्रमाण नभए पनि लोकबाट नै हुने र लोकको प्रयोजनको लागि हुने भएकोले भाषिक अभिव्यक्तिको विकाससँगै लोकगीतको पनि विकास भएको हो ।

लोकगीतलाई चिनाउने क्रममा विभिन्न विद्वान्हरूले आ-आफ्ना अध्ययन र अनुभवका आधारमा यी विभिन्न धारणाहरू प्रस्तुत गरेका छन् :

धर्मराज थापाका अनुसार लोकअनुभूति नै लोकगीत हो, जसले हृदयका उद्गारहरू स्पष्ट र यथार्थ रूपमा प्रस्तुत गर्दछ । साथै सुखदुःखमा अलापिएका अभिव्यक्तिहरू लोकमा गाइएका हुँदा यसको नाम लोकगीत भयो भन्ने उनको भनाइ छ ।[११]

जयराज पन्तका अनुसार लोकगीतको थालनी मानवीय मनको संवेदनशीलताको अनुभव गर्न थालेका आनन्द र अनुभूतिहरूका साथसाथ हुन्छ ।[१२]

कृष्णप्रसाद पराजुलीका विचारमा लोकगीत कहिल्यै नसुक्ने नदीको पानी जस्तै प्रवाहशील छ ।[१३]

मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलका अनुसार लोक-भावना वा विचारको मौखिक एवम् श्रुति-परम्पराद्वारा एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जाने लयात्मक र गेय अवैयक्तिक भाषिक संरचनालाई लोकगीत भनिन्छ ।[१४]

---

[११] धर्मराज थापा, **गण्डकी सुसेलीहरू,** (काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०३०), पृ. १३ ।

[१२] जयराज पन्त, **अञ्जुलीभरी सगुन, पोल्टाभरी फाग,** (काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५५), पृ. ३० ।

[१३] कृष्णप्रसाद पराजुली, **नेपाली लोकगीतको आलोक**, (काठमाडौं : वीणा प्रकाशन, २०५७), पृ. ६६ ।

कालिभक्त पन्तका विचारमा लोकगीत कसैको दबाव, भनाई, बक्सिस र लोभसमेतमा नपरी स्वयम् दुःखित उत्पीडित आक्रान्त सम्भ्रान्त, त्रस्त, जागृत, प्रफुल्लित, हर्षित, संयुक्तसमेत जो कोही जाति, व्यक्ति, लिङ्ग, समाज जिल्ला, गाउँ समेतका नरनारीले पुस्तकको बन्धनमा नपरी बनाएका छन् ।[१५]

लोकगीतका सम्बन्धमा समष्टिमा के भन्न सकिन्छ भने लोकगीत लोकको अमूल्य सम्पत्ति हो, जसमा लोकजीवनका सुखदुःख, हाँसो-रोदन, हर्ष-विस्मात् जस्ता सम्पूर्ण पक्षहरू समेटिएका हुन्छन् । लोकमा प्रचलित गीत वा लोकद्वारा रचिएका गीत नै लोकगीत हुन् ।) यस्ता लोकगीतहरू आधुनिक सभ्यता र संस्कृतिभन्दा पनि ग्रामीण रहनसहन तथा संस्कृतिमा मौलिकता झल्काउने खालका हुनुका साथै अत्यन्त उर्वर रहेका हुन्छन् ।

## ३.२ लोकगीतका विशेषता

लोकजीवनको रागात्मक अभिव्यक्ति नै लोकगीत हो । लोकगीतमा लोकजीवनका दुःख-सुख, आँसु-हाँसो, आशा-निराशा, हर्ष-विस्मात, पीडा-व्यथा आदिको अभिव्यक्ति पनि लोकगीतमा हुन्छ । लोकगीतको प्रभावले व्यक्ति आफ्ना दुःख र कष्टलाई बिर्सन्छ, भोक र रोगलाई भुल्छ । लोकगीत गाउनेले त्यसलाई आफ्नै ठानेर मौलिकता थप्दै लोकगीतको सृजना गरिरहेको हुन्छ । लोकसाहित्यका विद्वान् चूडामणि बन्धुका अनुसार लोकगीतका यी विशेषताहरू हुन्छन् :[१६]

क) रागात्मक, स्वतः स्फूर्त र लगात्मक अभिव्यक्ति रहेको ।

ख) लोकजीवनको सम्पूर्ण पक्षलाई समेटिएको ।

ग) मौलिक अभिव्यक्ति भएको ।

घ) स्थानीयताको रङ्गढङ्ग लिएको ।

धर्मराज थापा र हंसपुरे सुवेदीका अनुसार लोकगीतमा निम्नलिखित विशेषताहरू पाइन्छन् :[१७]

क) गीतको लयमा तीव्रता हुनु (लयानुपन हुनु) ।

ख) कृत्रिमता वा बनावटीपन नहुनु ।

ग) स्थानीयता र समसामयिकताको प्रभाव पाइनु ।

घ) सरस, सरल र प्रभावकारी अभिव्यक्ति पाइनु ।

---

[१४] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, **लोकवार्ता विज्ञान र लोकसाहित्य,** (काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६३), पृ. ७४ ।

[१५] कालीभक्त पन्त, **हाम्रो सांस्कृतिक इतिहास,** (स्याङ्जा : स्वयम् २०५५), पृ. १७ ।

[१६] चूडामणि बन्धु, **नेपाली लोकसाहित्य**, (काठमाण्डौं : एकता बुक्स्, २०५८), पृ. ११५ ।

[१७] धर्मराज थापा र हंसपुरे सुवेदी, **नेपाली लोकसाहित्यको विवेचना**, (त्रिभुवन विश्वविद्यालय, पाठ्यक्रम विकास केन्द्र, २०५१), पृ. ४६ ।

ङ)  सार्वजनिक मौलिक संवेग पाइनु ।

च)  सूक्ष्म विश्लेषणको अपेक्षा रहनु ।

लोकगीतका विशेषतालाई केलाउँदा लोकजीवन तथा समाजको परिचय दिने, मौलिक संस्कृतिलाई एवम् सिर्जनालाई अभिव्यक्त गर्ने सशक्त माध्यम आफ्नै तथा लय भएको आकारमा छोटो, कथ्य र गाउन सजिलो हुने, सहज र सरल प्रकृतिका, मनोरञ्जक प्रश्नोत्तर आकारमा छोटा कथ्य र गाउन सजिलो हुने, सहज र सरल प्रकृतिका, मनोरञ्जनका प्रश्नोत्तर शैलीमा आधारित परिवर्तनशील सुखदुःख, कष्ट-पीडा, हर्ष-विस्मात् सबै पक्ष समेटिएको पाइन्छ ।

## ३.३ लोकगीतको वर्गीकरण

नेपाली लोकगीतहरूलाई तिनको गायन सन्दर्भका दृष्टिले विविध गीतहरूमा छुट्याउन सकिन्छ । नेपालका सन्दर्भमा लोकगीत नगाउने कुनै क्षेत्र छैन । हिमालका चुचुरादेखि तराईका सम्म फाँटसम्म, पूर्वमेचीदेखि पश्चिम महाकालीसम्म बसोबास गर्ने सबै नेपालीले कुनै न कुनै रूपमा उत्तिकै उमङ्ग, उत्साहका साथ लोकगीतलाई ग्रहण गर्दछन् । यसरी विभिन्न अवसर र अवस्थामा नेपाली लोकगीतको प्रयोग हुँदै आइरहेको छ । यस्तो व्यापक क्षेत्रलाई वर्गीकरण गर्नु ज्यादै कठीन कार्य हुन आउँछ तापनि विभिन्न लोकसाहित्यका अध्येताहरूले नेपाली लोकगीतको स्वरूप, विशेषता, गायनकला आदिलाई आधार मानेर विभिन्न तरिकाले वर्गीकरण गरेका छन् ।

दयाराम श्रेष्ठले लोकगीतलाई संस्कार सम्बन्धी ऋतुकालीन क्रिया सम्बन्धी र विविध गरी चार भागमा वर्गीकरण गरेका छन् ।[१८]

चूडामणि बन्धुका अनुसार सहभागिताका आधारमा लय वा भाकाका आधारमा र प्रकार्यका आधारमा लोकगीतलाई वर्गीकरण गरिएको छ ।[१९]

धर्मराज थापा र हंसपुरे सुवेदीका अनुसार सामान्यगीत, संस्कारगीत, ऋतु वा व्रतसम्बन्धी गीत, कर्मगीत, पर्वगीत, लोकनृत्य र विविध गरी लोकगीतलाई वर्गीकरण गरिएको छ ।[२०]

कालिभक्त पन्तका अनुसार राष्ट्र भाषास्तरीय गीत, जिल्लास्तरीय गीत, ग्रामस्तरीय गीत, जातिस्तरीय गीत, जाति भाषा स्तरीय गीत, पर्वस्तरीय गीत, लोकनाटक स्तरीय गीत, कर्मस्तरीय गीत, ऋतुस्तरीय गीत गरी ९ भागमा वर्गीकरण गरेका छन् ।[२१]

---

[१८] दयाराम श्रेष्ठ, **'सम्भव' प्रारम्भिक कालको नेपाली साहित्यको इतिहास र परम्परा,** (काठमाण्डौं : त्रि.वि.वि.सं. २०३८), पृ. २२, २३) ।
[१९] चूडामणि बन्धु, पूर्ववत्, पृ. ११५ ।
[२०] धर्मराज थापा र हंसपुरे सुवेदी, पूर्ववत्, पृ. २ ।

लोकगीतका सङ्कलनकर्ता काजीमान कन्दङवाले नेपाली लोकगीतलाई मुख्य रूपमा सकर्मक र अकर्मक भेदमा वर्गीकरण गरी ऋतुकालीन, बाह्रमासे भनेर उपवर्गीकरणसमेत गरेका छन् ।[२२]

## ३.४ लोकगीतका सन्दर्भमा चेपाङजातिमा प्रचलित लोकगीतहरू

आदिकालदेखि नै चेपाङहरू जङ्गलमा गई सिकार खेल्ने परम्परा बस्दै आएकाले उनीहरूको प्रथम मनोरञ्जनको साधन नै सिकारी प्रवृत्ति बन्न गयो । सिकार गर्नु मनोरञ्जनको साथ साथै जीविकोपार्जनको मुख्य स्रोत रहेको थियो । त्यसपछि माछा मार्ने, नाचगान, बजान आदि गर्ने गरेको पाइन्छ । हाल पनि समय-समयमा आउने चाडपर्व, गरिने संस्कार आदिका अवसरमा बजाइने बाजा, गाइने गीत र गरिने अभिनय ज्यादै रोचक देखिन्छन् ।

चेपाङहरू सानै उमेरदेखि गाउन र बजाउन सिक्दछन् । समय र अवस्थाअनुसार विशेष प्रकारका भाका र लय हालेर गीत गाउने गर्दछन् । आफ्नै भाका र भेष, आफ्नै लोकसंगीतको चोखो शैली यिनीहरूले कायम राख्दै आएका छन् । चाडपर्व, पूजाआजा र जात्रा-मेलाहरूमा चेपाङहरू आफ्नै प्रकारको रमाइलो साङ्गीतिक वातावरण सृजना गर्दछन् ।

चेपाङजातिमा प्रचलित लोकगीतहरूको बारेमा नयाँ पुस्ताका युवा-युवतीहरूलाई त्यति मात्रामा ज्ञान भएको पाइदैन । लोक गायक ५८ वर्षीय बाबुराम प्रजाले कतिपय आफ्ना जातिका पुराना स्वयम् मौलिक प्रचलित गीतहरू आफूले पनि नजान्ने बताउँछन् । चेपाङ लोकगीतका सङ्कलक तथा अध्ययनकर्ता ३२ वार्षीक यमन चेपाङले आफ्नो जातिमा प्रचलित मौलिक लोकगीतहरू पूरा भागको रूपमा गाउन नसके पनि आफूलाई केही मात्रामा मात्र आउने कुरा बताउँछन् ।[२३]

चेपाङसमाजमा प्रचलित लोकगीतहरू सिङ्गो लोकगीतको एउटा भाग मान्न सकिन्छ । सबै लोकगीतमा पाइने कुनै न कुनै विशेषता यिनीहरूको गीतमा पनि पाइन्छ । क्षेत्र भ्रमणका क्रममा प्राप्त स्थानीय चेपाङजातिका लोकगीतको अध्ययनबाट के थाहा हुन्छ भने चेपाङजातिका गीतहरू लयात्मक, अकृत्रिम, सरल, सरस एवम् मौलिक छन् । यिनीहरूले आफ्ना जुनसुकै धार्मिक, सांस्कृतिक, एवम् पार्विक कार्यमा कुनै न कुनै रूपमा आफ्ना गीतहरू प्रस्तुत गर्ने गर्दछन् ।

---

[२१] कालीभक्त पन्त, पूर्ववत्, पृ. १० ।
[२२] काजीमान कन्दङवा, **नेपाली जनसाहित्य**, (काठमाडौं : रोयल नेपाल एकेडेमी, २०२२), पृ. १० ।
[२३] अध्ययन क्षेत्र, भ्रमणको क्रममा अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

## ३.५ निष्कर्ष

लोकगीत दु:ख-सुखमा, हर्ष-विस्मात, आशा-निराशा आदि सबै अवस्थामा लोकले व्यस्त गर्ने गेयात्मक अभिव्यक्ति हो । यसलाई गायनशैली, अवस्था मौसम घटनाक्रमअनुसार विभिन्न प्रकारमा बाँड्न सकिन्छ । चेपाङजातिमा प्रचलित लोकगीतहरू नेपाली लोकगीतमा हुने गुण, प्रकृति विशेषता तथा महŒवसँग मिल्दाजुल्दा नै छन् । गायनशैली र परम्पराले गर्दा चेपाङजातिका लोकगीतहरू आफ्नै प्रकारका गीत बन्न पुगेका छन् । यति हुँदाहुँदै पनि कतिपय यस्ता गीतहरू छन्, जुन गीतहरू चेपाङजातिसँग मात्रै सम्बन्धित छन् । तसर्थ चितवनका चेपाङजातिमा प्रचलित लोकगीतहरूलाई माथि उल्लेख गरिएअनुसारको वर्गीकरणभित्र पनि समेट्न सकिन्छ । लोकगीतमा हुनुपर्ने शैली, गायन तरिका आदि सबैसँग यस क्षेत्रका चेपाङजातिका लोकगीतहरूको मेल खाएको देखिन्छ ।

# परिच्छेद : चार

# चितवनका चेपाङजातिमा प्रचलित लोकगीतहरूको वर्गीकरणमूलक अध्ययन

## ४.१ चेपाङ लोकसाहित्यको परिचय

चेपाङसमाजको अलिखित सामाजिक एवम् सांस्कृतिक इतिहासभित्र नै चेपाङ लोकसाहित्य जीवित छ । यही अलिखित चेपाङ लोकसाहित्य चेपाङहरूको साझा सम्पत्ति हुन आउँछ । विशेषगरी तिनले गाउने लोकगीहरूमा चेपाङजातिका पीर, वेदना, दुःखसुख, भावना र अभिव्यक्ति झल्कन्छन् । चेपाङजातिको इतिहास खोतल्दै जाँदा प्राचीनकालदेखी नै यिनीहरूको मुख्य पेशा सिकार गर्ने र कन्दमूल खोज्दै खाने, सिकारी देवताको पूजा-आराधना गीतका माध्यमबाट गर्ने गरेको पाइन्छ । चेपाङहरूले कुनै न कुनै रूपमा आफ्नो संस्कृतिलाई जगेर्ना गरिरहेका छन् । चेपाङ-जीवनका उकाली-ओरालीहरूमा यिनीहरूका संस्कारहरू, चाडपर्वहरू, धर्मकर्म, नीतिनियम, चालचलन र दिनचर्याहरू तिनकै लोक-साहित्यमा झल्केका छन् ।

## ४.२ चेपाङसमाजमा प्रचलित लोकगीत

चेपाङसमाजमा विभन्न बेला र अवसरमा प्रायः आफ्नै लय र शैलीमा चेपाङ गीत गाउने गर्दछन् । ती गीतहरूमा उनीहरूका जीवनभोगाइका तितामीठा अनुभूतिहरूका भाव गुन्जिरहेका हुन्छन् । चेपाङजातिका लोकगीहरू उनीहरूको आफ्नै भाषामा गाइएका हुन्छन् । तसर्थ यी गीतहरू सबैले बुझ्न नसक्ने खालका हुन्छन् ।

चेपाङ लोकगीतहरू पर्वगीत, संस्कारगीत, श्रमगीत, मनोरञ्जन-गीत, एवम् विविध गीतहरूमा वर्गीकरण गरिएको पाइन्छ । यस्ता गीतहरूले चेपाङजातिको पहिचान दिन्छन् त कतिपय गीत उत्तिखेरै रचना गरी गाइने हुँदा मनोरन्जनात्मक मात्र हुन्छन् ।

## ४.३ चितवनको चेपाङ जातिका लोकगीतका विशेषताहरू

चितवनका चेपाङजातिका लोकगीतका आफ्नै प्रकारका विशेषताहरू रहेका छन् जुन निम्नानुसार छन् :

### ४.३.१ मौखिक परम्परामा जीवित रहनु

चेपाङजातिका लोकगीतहरू पनि मौखिक परम्परामा नै जीवित छन् । एकमुखदेखि अर्को कानसम्म हुँदै पुस्तौं पुस्तासम्म जीवित रहने क्रममा समयानुसार परिवर्तन हुँदै जाने गरेका छन् । विशेषतः चेपाङजातिका लोकगीतहरू कुनै लेख्य रूप नभई भनिने र सुनिने क्रमबाट नै आजसम्म आइपुगेको हुनाले यसको जीवन्त रूप मौखिक परम्पराबाटै सुरक्षित रहेको छ ।

### ४.३.२ मनोरञ्जन दिनसक्नु

संसारमा मनोरञ्जन नगर्ने मानिस विरलै होलान् । त्यसमध्ये चेपाङजातिहरूका लोकगीतहरूले छुट्टै मनोरञ्जन दिएका पाइन्छन् । विभिन्न समयमा, पीरको बेला, खुसीका बेला वा अन्य समयमा चेपाङहरू आफ्ना गीतका माध्यमबाट मनोरञ्जन लिन्छन् ।

### ४.३.३ मौलिक र सरल हुनु

चेपाङजातिका लोकगीहरू कुनै साहित्यकारका कलमबाट सिर्जित शब्द नभई लोककलाकारको हृदयबाट निस्केका आफ्नै प्रकारका लय छन् । भाषा, अभिव्यक्ति र शैलीका दृष्टिले पनि यस्ता गीतहरू ज्यादै सरल र सहज हुन्छन् । आफ्ना अन्तर्मनबाट सिर्जित शब्द भएकाले गीतमा प्रयुक्त शब्द पनि मौलिक हुन्छन् । यस क्षेत्रका चेपाङजातिमा प्रचलित लोकगीत पनि मौलिक र सरल छन् ।

### ४.३.४ एकल र सामूहिक दुबै रूपमा गाउन मिल्नु

यस क्षेत्रका चेपाङजातिमा प्रचलित लोकगीहरू एकल र सामूहिक दुवै रूपमा गाउन सकिने खालका छन् । पीर र वेदनाका बेला गाइने गीतहरू सन्देशमूलक गीतहरू एकल गाइन्छन् भने मङ्गल र झ्याउरे आदि गीतहरू समूहमा गाइन्छन् । त्यस्तै चाडपर्वहरूमा गाइने गीतहरू पनि कुनै एकल गाइन्छन् त कुनै सामूहिक गाइन्छन् ।

### ४.३.५ चेपाङ संस्कृति झल्किनु

चेपाङजातिका आफ्ना छुट्टै परम्परा र संस्कारहरू छन् । ती संस्कारहरू सम्पन्न गर्दा यस क्षेत्रका चेपाङजातिले पनि आफ्ना छुट्टै प्रक्रियाका साथै अलग विश्वास र मान्यताका साथ

गीतहरू गाउँछन् । आफ्नो जातिमा प्रचलित परम्परा, क्रियाकलाप र यिनीहरूले मनाउने चाडपर्व, संस्कार, रीतिस्थिति, भेषभूषा तथा बोलीचालीका विशेषता यिनीहरूका लोकगीतमा अभिव्यञ्जित भएका छन् ।

## ४.३.६ ईश्वरप्रतिको आस्थाभाव झल्किनु

चेपाङजातिमा प्रचलित लोकगीतहरूमध्ये धेरैजसोमा ईश्वरप्रतिको आस्थाभाव पाइन्छ । यिनीहरू सृष्टिको आरम्भदेखि नै गीत गाएरदेवी देवतालाई खुसी पार्न खुव सिपालु मानिन्छन् । चेपाङहरू पनि आफूलाई रामका सन्तान हौं भन्दै धर्मप्रति आस्थाभाव झल्किने गीत गाएर पूजाआजा गर्ने गर्दछन् । हरेक माङ्गलिक कार्यका आरम्भमा ईश्वरस्तुति गाउँछन् ।

## ४.३.७ चेपाङ भाषामा गाइनु

लोकगीत आवश्यकताअनुसार गायकले उत्तिखेरै कथेर गाइने हुँदा सरल हुन्छन् । चेपाङहरूको आफ्नो छुट्टै भाषा भएको कारणले गर्दा यिनीहरूका धेरैजसो गीतहरू चेपाङ भाषामा नै गाइएको पाइन्छ ।

## ४.४ चेपाङसमाजमा प्रचलित लोकगीतको वर्गीकरणका आधारहरू

चेपाङसमाजमा प्रचलित लोकगीतको वर्गीकरण पनि अन्य लोकगीतका वर्गीकरणलाई आधार मानेर गर्न सकिन्छ । विभिन्न विद्वानहरूका उपयुक्त वर्गीकरणहरूलाई आधार मानेर चितवनका चेपाङसमाजमा प्रचलित लोकगीतलाई वर्गीकरण गर्न सकिन्छ ।

## ४.४.१ कार्यको आधार

चितवनका चेपाङहरूको मुख्य पेशा भनेको शिकार गर्नु, कन्दमूल खोज्नु हो तापनि यिनीहरू समयानुसार र चाडपर्वअनुसार गीत गाउने गरेको पाइन्छ । मकै गोड्दा, धान रोप्दा, लौलौ गीत गाइन्छन् । धान रोप्दा असारे गीत गाउँछन् । कोदो लाउँदा एवम् विभिन्न ॠतुहरूमा ॠतुगीत गाउँछन् । त्यसैगरी विवाहमा केटाले केटीमाग्न जाँदा मन्जुर गर्दा पनि दोहोरीका रूपमा गीत गाउँछन् । त्यस्तै घरमा कुनै चाडपर्वहरू मनाउँदा पनि मादल र बाँसुरी बजाई दोहोरीगीत गाउँछन् । यसरी कार्यका आधारमा पनि चेपाङ लोकगीतलाई वर्गीकरण गर्न सकिन्छ ।

### ४.४.२ प्रस्तुतिको आधार

प्रस्तुतिका आधारमा पनि चेपाङजातिमा प्रचलित लोकगीतहरूलाई वर्गीकरण गर्न सकिन्छ । सबै गीत एकै प्रकारका हुँदैनन् । गीतलाई फरक-फरक अवस्थामा फरक-फरक रूपले प्रस्तुत गर्न सकिन्छ । यस आधारमा चेपाङसमाजमा प्रचलित लोकगीतलाई कुनै मादल बजाएर कुनै नाचका साथमा गाउने गर्दछन् ।


### ४.४.३ स्वरूपका आधार

चितवनका चेपाङसमाजमा प्रचलित लोकगीतहरू स्वरूपको आधारमा कुनै लामा छन् त कुनै छोटा छन् । दोहोरी गीतहरू लामा आकारका हुन्छन् भने एकल एवम् महापाण्डेका मन्त्रहरू छोटा गीतका रूपमा गाइएको पाइन्छ ।

### ४.४.४ विषयवस्तुको आधार

चितवनको चेपाङसमाजमा प्रचलित लोकगीतहरू उनीहरूकै चाडपर्व, संस्कार, रहनसहन, पीडाव्यथा, गरिबी आदि विषयवस्तु अभिव्यक्त भएका हुन्छन् । यी जातिले विभिन्न धार्मिक मङ्गल गाउँछन् भने मनोरञ्जनका लागि भ्याउरे, दोहोरी एवम् एकल गीतहरू गाउँछन् । चितवन क्षेत्रका चेपाङसमाजमा प्रचलित लोकगीतको वर्गीकरणलाई आरेखमा यसरी देखाउन सकिन्छ ।

**चितवन क्षेत्रका चेपाङजातिका प्रचलित लोकगीतको वर्गीकृत आरेख**



## ४.५ वर्गीकृत लोकगीतहरूको अध्ययनमूलक प्रस्तुति

अध्ययनको क्रममा चितवन क्षेत्रका चेपाङजातिमा प्रचलित लोकगीतहरूलाई पर्वगीत, संस्कारगीत, श्रमगीत र विविध गीत गरी वर्गीकरण गर्न सकिन्छ ।

### ४.५.१ पर्वगीत

यस क्षेत्रका चेपाङहरूले हिन्दू परम्पराअनुसारका चाडपर्वहरू नै मनाउँछन् । विभिन्न चाडपर्वहरूमा मनोरञ्जनको मुख्य साधन गायन र नृत्य नै रहन्छ । यिनीहरू चाडपर्वका अवसरमा विभिन्न चाडपर्वअनुसार फरक-फरक किसिमका गीतहरू गाउँदछन् । यस क्षेत्रका चेपाङसमाजमा विशेषगरी गीत गाएर मनाउने चाडपर्वहरू तीज, दशैं र तिहार नै मानिन्छन् । यिनै चाडपर्वमा गाइने गीतहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

#### ४.५.१.१ तीजगीत

हिन्दूधर्म मान्ने यस क्षेत्रका चेपाङजातिमा व्रत बस्ने र उपासना गर्ने जस्ता चलनहरू पाइँदैनन् तापनि यिनीहरू आफ्ना पीर-वेदनाहरूलाई आफ्ना गीतका माध्यमबाट पोख्ने गरेको पाइन्छ । मीठो खाने र राम्रो लगाउने चाडका रूपमा यिनीहरूले तीज मनाएको पाइन्छ ।

चितवनको विकट पहाडी इलाकामा बसेका कारणले गर्दा यिनीहरूले साक्षर हुने त्यति अवसर त पाएका छैनन् नै, तर बहुविवाह प्रणालीले गर्दा एक पतिका थुप्रै पत्नी भएको कारणले आफू-आफूमा झगडा गर्ने काटमार गर्ने गरेको पाइन्छ । त्यस्तै घटनाहरूलाई यिनीहरू तीजका गीतका माध्यमबाट प्रस्तुत गर्दछन् । यस्तै विषयवस्तु समेटेर गाइएको तीजगीतको एक नमूना :

व्याव्यू ताती लसरी पसरी
तीन महिनाको सुत्केरीकाई सातकान गत
छिरीविरी वइर्क मोना रैछ[२] सारी आङ
तीन महिनाको सुत्केरी काई सातकान
मकैबारी हाङ्[२]

(मूलपाठ-पृ. ५.१.१ मा)

यो गीत सामूहिक रूपमा चेपाङजातिका महिलाहरूले गाउँछन् । हुने श्रीमान्द्वारा आफ्नी तीन महिनाकी सुत्केरी श्रीमतीलाई विभिन्न किसिमका बहाना बनाएर मकैबारीमा लगी मारेको कुरालाई नारीहरूले व्यक्त गरेका छन् । छोटाछोटा वाक्यमा बनेका यस गीतका

अगाडिको वाक्य दुई-दुईपटक भन्ने गरिन्छ । त्यसपछि मात्र अर्को वाक्यलाई एकपटक लामो स्वर हुने गरी र अर्को पटक छोटो स्वर हुने गरी गाइन्छ ।

## ४.५.१.२ दसैंमा गाइने गीत (मन्‌काम)

हिन्दूहरूकै ठूलो चाड बडादसैंलाई यहाँका चेपाङजातिले पनि ठूलो चाडका रूपमा मनाउँछन् । एकै ठाउँमा बसेका र दुईचार पैसा कमाउन अन्त गएका मानिस पनि दसैंमा आफ्नो घरमा जम्मा हुने चलन छ । भविष्यको चिन्ताभन्दा वर्तमानमा रमाउने यस जातिमा बडा दसैं अरू जातिको रहनसहनजस्तै गरी मनाउने गरेको पाइन्छ । विवाह गरेर गएका चेली पनि विवाह गरेको दुईतीन वर्षसम्म दसैंमा केटापक्षका तर्फबाट केटीपक्षलाई कोसेली लिएरजाने गरेको पाइन्छ । आफ्ना छोरी र ज्वाइँ आएपछि बाबु-आमाले छोरी-ज्वाइँको स्वागत गर्दै यो गीत गाउने गर्दछन् :

ए हो समैकालिदाज्या लाङ् यो ओर्या<br>
ए हो हिक्लै वा कलै वा ङेजना[२]<br>
छुपै राङको तुम्<br>
ङे जङन्ती मोनामी<br>
सिमी थङोयाङऽऽऽ ।

(मूलपाठ-५.१.२ मा)

यिनीहरू विभिन्न धार्मिक रीतिरिवाज मान्दा एक आपसमा भेला भई रमाइलो गर्ने परम्परा बढी मात्रामा रहेको पाइन्छ ।यस गीतमा पनि चिउरी फुल्ने बेलामा वनका चराचुरुङ्गी रमाएजस्तै हाम्रा चेलीबेटी पनि यस चाडमा रमाएर खाऊन्, हाम्रा बालबच्चा पनि यस धर्ती जस्तै रमाएर बसून् भन्ने भाव यस गीतमा व्यक्त भएको पाइन्छ ।

## ४.५.१.३ तिहारको भैलो गीत

हिन्दुहरूको दोस्रो महान् चाड तिहारका अवसरमा चेपाङसमाजमा पनि विभिन्न किसिमका संस्कारहरू सम्पन्न गर्दछन् । तिहारमा देउसी-भैलो खेल्ने, दिदी-बहिनीले दाजुभाइको दीर्घायुको कामना गर्दै टीका लगाइदिने गरेको पाइन्छ । तिहारमा साथीभाइ जम्मा भएर यसरी भैलो गीत गाउँदै भैलो मागेको पाइन्छ :

छ्याप्टो मोना दिन धौंसी र भैलो

वाङती दाहाँलाङ हजुरको किमदैलो

गल्ला धैंलम किमलाम घ्यकती

वैसा दाव रों पैसा गमती

ई किमहाङ टो ओपाई धेर स्थ्यवा

पल्लो किमहाङ् वासाकाई वेर स्यावा ।

(मूलपाठ-५.१.३ मा)

यो गीत सुरु गर्दा सरल तरिकाले प्रस्तुत गरिन्छ भन्ने हे हो पछि लामो गरी स्वर लम्बाइन्छ । भैलो-भैलो भन्दै एकै स्वरमा उच्चारण गरिन्छ । आजको यो रमाइलो दिनमा हामी हजुरको घरदैलोमा भैलो खेल्न आइपुग्यौं, हामी धेरै थाकेर आएका छौं । हामीलाई फूल पैसा राखेर दिनुहोस्, हामीलाई अर्को घरमा पनि जानु छ भन्दै भैली भट्याएको पाइन्छ ।

यसरी चितवनमा चेपाङजातिको हिन्दू चाडपर्वहरू खानपिनका साथ रमाइलो गरी मनाउने भए पनि लोकगीत गाइने मुख्य चाडपर्वहरू ४.६.१.१, ४.६.१.२, ४.६.१.३ मा उल्लेखित तीनवटा मात्र पर्दछन् ।

## ४.५.२ संस्कार गीत

जन्मदेखि मृत्युपर्यन्त वैदिक विधिपूर्वक गरिने कर्म वा कृत्यलाई संस्कार भनिन्छ । यिनै संस्कारहरूलाई यहाँका चेपाङहरूले पनि मान्दछन् । जन्म, व्रतबन्ध (छेवर), विवाह र मृत्युसंस्कार विशेष प्रचलित छन् । यिनै विभिन्न संस्कारहरूमा गाइने गीतलाई यहाँ संस्कारगीत भनिएको छ । चेपाङजातिमा विवाह गर्दा र मृत्युपछि विभिन्न सांस्कारिक गीतहरू गाइन्छ ।

## ४.५.२.१ भूमिको मङ्गल

यस क्षेत्रका चेपाङजातिले सबैभन्दा ठूलो भूमि हुन् भन्ने मानेर धार्मिक एवम् शुभ कार्यमा सर्वप्रथम भूमिको मङ्गल गाउँछन् । भूमि भनेको सबैभन्दा ठूला हुन् । जुनबेला यस सृष्टिको सुरुवात भयो, त्यसै बेलादेखि नै चेपाङहरूले भूमिको मङ्गल गाउँदै आएका छन् ।[२४]

तेन्कोबारऽऽऽ तेन्को दिनऽऽऽ पाईती दालाङ सिमीमान्तीऽऽऽ

भूमिमान्तीऽऽऽ दाजेलाङ

[२४] लोकगायक बलविर प्रजा (वर्ष ४६) बाट अध्ययन क्षेत्रमा प्राप्त जानकारी ।

साईनऽऽऽ साईनुदा स्त्रमित्र लम

(मूलपाठ-५.२.३ मा)

प्रस्तुत मङ्गलमा अत्यानुप्रास मिलाउनुभन्दा पनि सर्सर्ती पढ्ने गरिन्छ । भूमिको पूजा गर्दा यही मङ्गलबाट सुरु गरिन्छ । चेपाङजातिमा पाण्डे, महापाण्डे र पण्डित, पुरोहित काम गर्ने व्यक्तिलाई मात्र यस मङ्लको ज्ञान हुने गरेको पाइन्छ ।

## ४.५.२.२ विवाहमा गाइने गीत

यस क्षेत्रका चेपाङहरूले विवाहका क्रियाकलापमा विभिन्न किसिमका गीत गाउने गर्दछन् । विवाहमा केटी माग्ने, केटी दिन्छु भन्नेदेखि दुलही भित्र्याउने समयसम्म भिन्दाभिन्दै गीतहरू गाइन्छन् ।

**(क) विवाहमा केटी माग्न जाँदा गाइने गीत**

त्येन वाराङ्ग पाइ त्यनको दिन पाई नाङ्को

च्योदमाइ काई कर्म छोरी मावी होत ती

इमा पाइलाङ नी नाङको च्यो आतीताङ ।

(मूलपाठ-५.२.१.१ मा)

प्रस्तुत गीत केटा पक्षले केटीपक्षसँग तिम्रो छोरी माग्न आएको छु । कर्ममा छ कि छैन, कर्ममा लेखेको भए तपाईंकी छोरी लगेर पाल्छु भन्ने भाव पोखेर गाइन्छ ।

**(ख) विवाहमा केटी दिने स्वीकृति पाएपछि केटा पक्षबाट गाइने गीत**

जब केटा पक्षले केटी मागेपछि केटी पक्षले त्यस प्रस्तावलाई स्वीकार गर्दै मेरी छोरी तपाईंलाई दिन्छु, लगेर हेला नगर्नुहोला भन्दै यो गीत गाउँछन् :

ङा खोचो अमनी ताङ सिङ

वैदिङ पाई योसिङ्ग

योसिङ्ग वैदिथाई ङा खोचो मलै लनु

(मूलपाठ, पृ. ५.२.१.२ मा)

प्रस्तुत गीतमा तिम्री छोरी मलाई दियौ, अब लगन पारेर लिन आउँछु भन्दै हामीलाई आशिष् दिनुहोस् भन्ने आशय व्यक्त गरिएको छ ।

**(ग) दुरानमा गाइने गीत**

स्यालुङ् र दाउती यी मा मुयाकी
वाफै रदाउती यीमा मुयाकी
हिक्लैता ङेमोयाङ् कैलैवा ङ्जोयाङ्

(मूलपाठ-५.२.१.३ मा)

प्रस्तुत गीत विवाह भएर गएका केटाकेटी दुरान फर्काउन आउँदा माइती पक्षले गाउँछन् । यस गीतमा वनमा चराचुरुङ्गी रमाएजस्तै तिमीहरू पनि आफ्ना घरमा रमाएर बस, हामीलाई त तिम्रो थर-गोत्र परिवर्तन भएको देख्दा सपनाजस्तो लागेको छ भन्ने जस्तो भाव देखिन्छ ।

## ४.५.२.३ मृत्युसंस्कार (रिसासा) गीत

चेपाङजातिमा मानिस मरेपछि उसलाई महापाण्डेले विभिन्न संस्कार गरेर स्वर्ग पुऱ्याउँछ भन्ने चलन छ । महापाण्डेले अव तिमी स्वर्ग जाऊ भनेर यस्तो गीत गाउँछन् जस्तै :

तेनको दिन्सै पाइ यतो बोलीमा नाल हे
तेन्को दिन्सै पाई तैतो मिकमा नाल हे
सिमरी गाउद, गाइ मरी स्यालुङ बाजे गाइमरी

(मूलपाठ-५.२.२ मा)

प्रस्तुत गीत अन्त्यानुप्रास मिलाएर गाइन्छ । लामो स्वर तानेर महापाण्डेले ड्याङ्ग्रो बजाउँदै मृत आत्मालाई स्वर्ग पठाउने काम गर्दछन् ।

## ४.५.३ श्रमगीत

विशेषगरी काम गर्ने समयमा कामका साथसाथै गाइने गीतलाई श्रमगीत भनिन्छ । श्रमगीतलाई कर्मगीत पनि भनिन्छ । विभिन्न समयका कामका साथ गीत गाउँदा काममा उत्साह बढी भई काम गर्न सजिलो हुन्छ । यस क्षेत्रका चेपाङजातिहरू खेतीपातीका काम गर्दा उनीहरूले विभिन्न गीतहरू गाउने गरेको देखिन्छ । कृषिबाली रोपेदेखि बाली भित्र्याउने बेलासम्म यस्ता गीतहरू गाइन्छन् । यस जातिका श्रमगीतअन्तर्गत वैशाखेगीत, जेठगीत, असारेगीत (चैत बैशाखको उराठलाग्दो समयको गीत, बाढी पहिरो जाँदाको गीत, मकैरोप्दा गाउने गीत) जस्ता गीतहरू प्रचलनमा रहेको पाइन्छ ।

### ४.५.३.१ वैशाखेगीत

वैशाख महिनामा उराठ लाग्दो समयमा पानी नपरेर सिस्नु, निहुरो नपलाउँदा भोकमरी लाग्ने भयो भन्दै यस्ता गीत गाउँदछन् :

तिमीबाल लाउमा दुख्लातीऽऽऽ वेलाउमा तुर्लती
कालीस तुर्लतीऽऽऽ दोजेंटी स्यासात
मनहाङ पीर मनाती
गाङ आल्साती साहुनेमा ल्याक्लती
लेती जेसा दाईकाई

(मूलपाठ-५.३.१ मा)

प्रस्तुत गीतलाई अन्त्यानुप्रास मिलाएर गाइन्छ । होइऽऽऽ ले स्वर तान्ने काम गरिन्छ । पानी नपर्दा मकै लाउन पाइएन, सिस्नु पलाएन अब के खाएर बाँच्ने हो भन्ने आशय यस गीतले दिएको छ ।

### ४.५.३.२ जेठगीत

जेठ महिनामा यस क्षेत्रमा चेपाङजातिहरूले मकै रोप्दा गाइने गीतलाई जेठे गीत भन्ने गर्दछन् । जेठ महिनाको उराठलाग्दो समय तातो हावा चर्को घाममा खोरिया फाँडी मकै लगाउने परिवेशमा यसरी गीत गाउने गर्दछन् ।

मकै सुक्सा र जेठ महिनाहाङऽऽऽ
गीत लिङसा लयको भाकाहाङऽऽऽ[२]
खेतला लाउनी बौलायो राङखाहाङ
मकै सुक्नी ओऽऽऽ राङखाहाङ[२]

(मूलपाठ-५.३.२ मा)

प्रस्तुत गीतलाई अन्त्यानुप्रास मिलाउने गरी गाइन्छ र होङऽऽऽ ले स्वर तान्ने काम गरिन्छ । जेठ महिना मकै रोप्नको लागि राम्रो महिना हो । घरमा अन्न गेडा छैन मकै लगाएपछि खान पाइन्छ । यही आशय यस गीतले दिएको छ ।

## ४.५.३.३ असारेगीत

चेपाङजातिमा धान रोप्ने खेतहरू धेरै पाइदैनन् । उनीहरू खोरिया फाँड्ने, मकै, कोदो लगाउने बनका कन्दमूल बढी खाने हुँदा असार महिनामा यिनीहरू मकै गोड्ने, रोप्ने र कहींकहीं धान रोप्ने गरेका पाइन्छन् । यस परिवेशमा यिनीहरू यसरी गीत गाउने गर्दछन् :

आषढै मासाङ मकै कैसा सालियाम सुक्साऽऽऽ
साउन मासाङ कोदो औ सुक्साऽऽऽ
कात्तिक र मंसिर मैनाहाङ सालियान् राहती
कैदो औ काहतीऽऽऽ[२]

(मूलपाठ-५.३.३ मा)

यस गीतलाई अन्त्यानुप्रास मिलाएर गाइन्छ । अगाडिको वाक्यलाई दोहोऱ्याइन्छ र अन्तिमको खण्डलाई लामो हुने गरी तानिन्छ । त्यसपछि मात्र अर्को वाक्यलाई मिलाएर गाइन्छ । यो गीत एकल रूपमा पनि गाउन सकिन्छ । असार महिनामा मकै गोडिन्छ, धान रोपिन्छ भने साउन महिनामा कोदो लगाइन्छ, कात्तिक र मंसिर महिनामा कोदो काटिन्छ, धान दाँइ गरिन्छ तर यो अन्नले ६ महिना मात्र खान पुग्छ भन्ने आशय यसले दिएको छ ।

## ४.५.४ मनोरञ्जनका गीतहरू

चेपाङजातिमा विभिन्न समयमा विभिन्न किसिमका मनोरञ्जनका गीतहरू गाउने चलन छ । गोठालो जाँदा, बजार जाँदा, मेलापात जाँदा विभिन्न समयमा एकल, दोहोरी झ्याउरे लयका गीतहरू गाउने गर्दछन् ।

## ४.५.४.१ एकलगीत

चेपाङजातिमा विभिन्न समयमा विभिन्न गीतहरू गाउने गर्दछन् । गोठालो जाँदा, खोरिया फाँड्दा, घाँस काट्दा एक्लै भएको समयमा विशेष गरी एकल गीत गाउने गर्दछन् । समय, परिस्थिति, अवस्थाअनुसार उनीहरू यस्ता गीत गाउँछन् :

**क) महिलाले गाउने एकल गीत**

हउवाया नालदा, पुवमा नालदा
हउवामा नामात, पुवमा नामात[२]
एकान्त राङग्या लै ऽऽऽऽ द

(मूलपाठ-५.४.१.१ मा)

यस गीतलाई अन्तिमको अनुप्रास मिलाउने गरी गाइन्छ । अन्तिममा नै ऽऽऽ भनेर स्वर तानिन्छ भने प्रत्येक वाक्यलाई दुई दुई पटक दोहोऱ्याएर भन्ने गरिन्छ ।

**ख) पुरुषले गाउने एकल गीत**

आँसु असुई भरोमना, ङा दुसीको जीवनी
रीतिआसाखाड्ङल औतलै
स्याक्सा परना आँसुल्काती खेदामा आने[२]
खोलासरी बगसा थाल्यौ दुःखीयाको आँसु
स्यामाई जेयो गीठलमी जेनाताङ
ङाको जीवनको माई

(मूलपाठ-५.४.१.२ मा)

यस गीतमा हाम्रो जीवन भनेको दुःखैदुखको भारी हो भन्ने भाव रहेको छ । हाम्रा आँसु खोलासरी बगेको छ तर हामीले केही गर्न सकेका छैनौ भन्ने यस गीतको आशय रहेको छ । यस गीतलाई अनुप्रास मिलाएर गाइन्छ ।

## ४.५.४.२ दोहोरीगीत

दोहोरी गीतलाई जुहारी पनि भनिन्छ । दोहोरी गीत प्रायः युवायुवती बीच माया प्रेमका भावले भरिएको शब्द प्रयोग गरी गाइन्छ । दोहोरी गीतको भाका र लय एउटै हुन्छ भने एउटाले प्रश्न सोध्ने र अर्काले जवाफ दिने शैलीमा गाइन्छ । धेरैजसो दोहोरी गीत मनोरञ्जनात्मक हुन्छन् भने कुनै-कुनै दुःख-पीडा व्यक्त गरिएका पनि हुन्छन् । गोठालो जाँदा युवायुवतीबीच गाइने दोहोरी गीतको नमुना यसप्रकार रहेको छ :

केटा : जाविलाति गाताङ्दै बैनी नानी, किम गाह्याङ अने जाङनीमा चिनजानी
केटी : चितवन जिल्ला किम् ङाको दाजु, स्यावाङ्गे वन्ताङ आलो घासटाप्ती स्या हाम्लाङ

(मूलपाठ-५.४.२.१ मा)

यो गीत लामो स्वरमा गाइन्छ । यसमा केटाले केटीलाई तिम्रो घर कहाँ हो, के गर्दैछौ भनेर प्रश्न गर्दा केटीले मेरो घर चितवन जिल्ला स्यावाङ्गे गाउँ हो । गोठालो काम गर्दछु भन्ने आशय पोखेको पाइन्छ ।

## ४.५.४.३ झ्याउरेगीत

झ्याउरे नेपाली लोकजीवनमा अति नै प्रचलित लोकगीत हो । यस गीतलाई बाह्रै महिना गाउन सकिने भएकोले यसलाई बाह्रमासे गीत भनिन्छ । चेपाङजाति ज्यादै पिछडिएको जाति भएकोले आफ्नो अधिकारको लागि लड्नुपर्दछ भन्ने भाव यस गीतमा पाइन्छ । जस्तै :

वाङ्न साथी लौ है अगाडि सारती
विकास स्याउता लौ है समासको अगादी[२]
थाहनको दिनको प्रजालम पाई गतः हाइती मुइनो
तेन्को दिन्को प्रजालमी समासकाइले घ्यून्ती[२]

(मूलपाठ-५.४.२.३ मा)

प्रस्तुत गीत एकल रूपमा गाइएको गीत हो । यस गीतमा अनुप्रास मिलाएर गाइएको छ । यसमा आउन साथी लौ अगाडि सरेर भन्ने स्थायी पङ्क्ति छ ।

## ४.५.५ विविध गीत

यस क्षेत्रका चेपाङजातिमा प्रचलित लोकगीतहरूको सङ्कलन वर्गीकरण र अध्ययन गर्दा पर्वगीत, संस्कारगीत, श्रमगीत, मनोरञ्जनका गीतभित्र नसमेटिएका अन्य प्रकारका लोकगीतहरूलाई नै यहाँ विविध गीत भनिएको छ । यस क्षेत्रमा यस जातिमा प्रकारका गीतहरू पनि प्रचलनमा रहेको छ । केही यस्ता मुख्य गीतहरूलाई निम्नानुसार चर्चा गरिएको छ :

## ४.५.५.१ गरिब च्योवाङ्को घाँसेगीत

चेपाङजातिमा वर्षभरि खान पुग्ने अन्न हुँदैन । उनीहरूले दुःखजेलो गरेर ६-९ महिनासम्म अन्न खान्छन् र अरू महिना वनका कन्दमूल नै खाएर आफ्नो जीवन निर्वाह गरेका हुन्छन् । त्यो कुरा गीतमा यसरी व्यक्तभएको छ :

जेसा परना गरिबी लाक्को चाना नेलाउको दाल
चैत बैसाख दायाकाई गरिबको काल
फागुनदेखि साउनसम्म सेखु ओडी मेलाआङ
टुक्कसँग जेसानाल : जेसा वेलाआङ ।[२]

(मूलपाठ-५.५.१ मा)

प्रस्तुत गीतमा अनुप्रास मिलाएर गाइएको छ । यसमा हामी चेपाङको खाना भनेकै गीठाको चाना र सिस्नुको दाल मात्र रहेको छ, चैते वैशाखमा खडेरी परेर त्यही कन्दमूल पनि पलाउदैन, साउनदेखि फागुनसम्म काम गरे तापनि हामीले ढुक्कसँग खान पुग्दैन भन्ने आशय रहेको छ ।

## ४.५.५.२ चैत-वैशाखको उराठलाग्दो समयमा गाउने गीत (ङीको गीत)

चैत्र-वैशाखको उराठलाग्दो समयमा वर्षभरि काम गर्‍यो, खाने बेलामा केही समयलाई मात्र पग्छ । अरू समय कन्दमूल खोजेर खानुपर्ने हुन्छ । हाम्रो जीवन भनेको यस्तै दुःखको भण्डार हो भन्दै गीत गाउने गर्दछन् :

राङ माना कान्छा ऽऽऽ मजवाङ डाँडाहाङ

काम राङचु कान्छा बोलायो पाखाआङ

राङ रान्चु कान्छा बोलायो पाखाआङ

गीत लिङच कान्छा ओराङखाआङ[२]

(मूलपाठ-५.५.२ मा)

यस गीतमा अनुप्रास मिलाएर गाइएको छ । भ्याउरे लयमा गाइएको यस गीतमा उराठलाग्दो समयमा ए कान्छा, किन बोलायौ डाँडाबाट भन्दै 'मकै पलायो तर माया पलाएन, यति त बोलाए तर बोल्दै बोलेनौ' भन्ने आशय रहेको छ ।

## ४.५.५.३ बिछ्योडका गीत

प्रेमीप्रेमिकामा बिछोड भएपछि उनीहरू एक्लै जङ्गलमा गएर विभिन्न गीतहरू गाउँछन् । यस्ता गीतमा यिनीहरूका मनका व्यथा पोखिएका हुन्छन् । जस्तै :

केटी : हे ऽऽऽ मायाको डोरी सिङपुङराङ गाताङ्मा आलादै आग्या लौ लौ

केटा : त्यौ उताङमा कनलाका कामताङमा कनलाका गाताङमा च्यौउङल

हे ऽऽऽ मायाको डोरी .............

(मूलपाठ-५.५.३ मा)

प्रस्तुत गीतमा अन्त्यानुप्रास मिलाएर गाइएको हुन्छ । हे ऽऽऽ ले स्वरलाई लामो पारेर गाइन्छ भने अन्तिममा दुईपटक गाइन्छ । यस गीतमा यो मायाको डोरी नचुडिने रैछ भनेको त आज माया कता गयो भन्ने आशय रहेको छ ।

### ४.५.५.४ जेठेनी गीत

जेठ महिनामा चेपाङ बस्तीमा खोरियामा मकै लगाइएको हुन्छ । जब मकै पाक्ने बेला भयो, तब बाँदरले मकै खाएर हैरान पार्दछ । यस समयमा बाँदर लखेट्दा पनि चेपाङहरू गीतका माध्यमबाट बाँदर लखेटेको पाइन्छ । जस्तै :

ए हो ऽऽऽ लहै लहै युकवाङहा

ए हो ऽऽऽ यो हौ मखै कुन्नुदा

गाङ ऽऽऽ दा हा ऽऽऽ

हो गा ऽऽऽ दा दा ऽऽऽ गाङ दाहा ऽऽऽ

ए हो ऽऽऽ वाङे आपु वाङे आजु[२]

(मूलपाठ-५.५.४ मा)

प्रस्तुत गीतमा अनुप्रास मिलाएर गाइएको हुन्छ । हो ऽऽ भन्दै स्वरलाई लामो पारेर गाइन्छ भने बीचबीचमा पनि स्वरलाई लम्बाइन्छ र अन्त्यमा दुई पटक गाइन्छ । यस गीतको ए हो बाँदर आयो है बाँदर आयो, कहाँ पुग्यो कहाँ पुग्यो भन्ने आशय रहेको छ ।

### ४.५.५.५ हिमाल सेतै छ भन्ने भाकामा गाइएको गीत

चेपाङजाति विभिन्न अवसरमा विभिन्न गीतहरू गाउने गर्दछन् । यसै गरी दसैंका अवसरमा पनि यिनीहरू हिमाल सेतै छ भन्ने भाकामा दसैं गीत गाउने गर्दछन् । जस्तै :

दशै वाङ्गालो रान्लाङ आलीदा

रामरसी जाङतीलै मइदा हिमाल भाम्तोलै स्याहो हिलङ्गे

हजारौ मतिमा यी मन औताङलै

ढकमक रो ओरा वनहाङ्ग

दशै वाङवी छयुप्लाङ्दा यो मनहामङ्ग ।

(मूलपाठ-५.५.६ मा)

प्रस्तुत गीतमा अनुप्रास मिलाएर गाइएको छ । यस गीतमा हिमाल सेतै छ भाकामा दसैं आयो, पाट काट्न जाउँला, रामरसी गरेर बसौँला, हिमाल सेतै छ, हाम्रो बोल्ने इच्छा हजारौं भए पनि यो मन त्यसै छ भन्ने आशय बुझाएको छ ।

### ४.५.५.६ पुर्ख्यौली थलोको गीत

चेपाङहरू आफ्नो पुर्ख्यौली ठाउँ र पुर्ख्यौली पेसालाई छोड्नु हुन्न, आफ्ना पुर्खाले गरेको कामलाई हामीले पनि अँगाल्दै आउनुपर्दछ भन्ने कुरा यस गीतका माध्यमबाट प्रकट गर्दछन् :

म्हेसा साउल लै मुओ गाउँकाई[२]

तैल्सा पानृ पुर्खौली सा ठाउँकाई

मस्भ्या र पखेराहाङ चेपाङ लम्कोरोबारी[२]

जावीरीङ र लालुईमा ङी लैको चिनारी

हरभर चेउजेनाङ डा डा गाउँ[२]

बा बाज्याको ओहोङ्लै गरुमा ठाउँ

(मूलपाठ-५.५.६ मा)

प्रस्तुत गीतमा आफ्ना बाबुबाजेको पेसा सिकार खेल्ने, धनु र बाण लिने, ठोक्रो भिर्ने काम हामीले पनि गर्नुपर्दछ र आफ्नो पुर्ख्यौली बिर्सनु हुँदैन भन्ने आशय रहेको छ ।

## ४.६ निष्कर्ष

चेपाङहरूको मूल पेसा भनेको सिकार खेल्ने, माछा मार्ने, कन्दमूल खोज्ने, साधारण खेती गर्नु नै रहेको पाइन्छ तापनि यिनीहरू आफ्नो मनोरञ्जनका साधनको रूपमा गीतलाई पनि लिएको पाइन्छ । विभिन्न चाडपर्वहरूमा हिन्दू धर्मसंस्कृतिअनुरूप गीत गाउने, पूजा गर्ने चलन यिनीहरूमा पनि रहेको छ । पुराना पुस्ताका धेरैजसो गीतहरू नयाँ पुस्ताले बिर्सिसकेको अवस्था पनि यहाँ आइसकेको छ । यिनीहरूको आफ्नो भाषिक सङ्गठन नभएको कारणले गर्दा आफ्ना भाषाका गीतहरू बिस्तारै लोप हुँदै गइरहेका छन् । खासगरी नयाँ पुस्तामा नेपाली गीतहरू नै बढी प्रचलनमा रहेको पाइए तापनि पुराना गीतहरूको संरक्षण गर्नुपर्ने देखिन्छ । चेपाङ भाषामा मुख्य गरी रिसासा, मनकाम, लौ लौ भाकामा गीत, कान्छी-गीत, तोङकोलोङ जस्ता गीतहरू प्रचलनमा आएका पाइन्छन् ।

## अध्याय : पाँच

# चितवनका चेपाङसमाजमा प्रचलित लोकगीतको मूलपाठ

## ५.१ पर्वगीत

चेपाङसमाजमा प्रचलित विभिन्न लोकगीतहरू रहेका छन् । तीमध्ये केही पर्वगीतहरूको मूलपाठ यहाँ क्रमशः दिइएको छ ।

### ५.१.१ तीज गीत

व्याब्यू ताती लसरी पसरी
तीन महिनाको सुत्करीलाई सातभ्रान गत[२]
छिरीबिरी बईक मोना रैछ सारीआङ ऽऽऽ
तीन महिनाको सुतकरी काई सातकान मकैवारी हाड ऽऽऽ
आमा आला तेसराहाङ, बाबा आला जेलाहाङ
तीन महिनाको चोपाई क्रयायती मोना खताआङ ऽऽऽ[२]
तेनपाई ङाई घाँस टाटलोङ लहराई लपानती
पापीई चोकाई सम्भ्रकान जेलाई मो अति ऽऽऽ[२]

### ५.१.२ दसैंमा गाइने गीत (मन्काम)

ए हो ऽऽऽ समैकालिदाज्यालाङ यो ओर्या
ए हो ऽऽऽ हिक्लैवा, कलैवा ङेजना[२]
छपैराङको तुमकी
ङे जंङन्ती मोनामी, सिमी थङोयाङ
भूमि थङोयाङ
ए हो ऽऽऽ ङा खो लिखाई चो ऽऽऽ
ब्रहिलाङकी ङु बची

### ५.१.३ तिहारमा गाइने गीत (भैलो)

छयुप्टो मोनादिन धौंसी र भैलो
वाङती दाहाँलाङ् हजुरको किमदैलो ॥
गल्ला दौलम किमग्लाम धाकती
बैसा दान रौंपैसा गमती ॥
ई किमहाङ टोओपाई धेर स्याबा,
वासाकाई वेर स्यावा पल्लो किमहाङ
वाङ सापाई दान दक्षिण बाङाह
लमेलाङ्को गैडाने हात्तियाह ॥
बैलाङ ङिकाई दान र दक्षिण
पेटो मोनाई किमको लक्षण ॥
ङिइ बयो आशिष लाग्या
क्याताङ् गमा दोनाङ् जेसता लाग्या ॥

## ५.२ संस्कार गीत

चेपाङजातिमा जन्मदेखि मृत्युपर्यन्त विभिन्न किसिमका संस्कारगीतहरू गाइन्छन् ।

### ५.२.१ विवाहको मंङ्गल

चेपाङजातिमा विवाहमा विभिन्न किसिमका मंङ्गल गीतहरू गाउने गर्दछन् । विवाहमा केटी माग्नजाँदा गाइने गीतदेखि लिएर दुरानमा जाँदासम्ममा विभिन्न गीतहरू गाउँछन् । जुन निम्न प्रकारका छन् ।

#### ५.२.१.१ विवाहमा केटी माग्न जाँदा गाइने गीत

त्येन बाराङ पाई त्यनको दिन पाई नाङको
च्योदमाइ काई कर्म छोरी भावी होत ती
इमा पाइलाङ ती नाङको च्यो आतीताङ
येतो लैलाउसा येतो लै

जिसाकाई तलाली आनुङासत
रखोचे आमती आउसा नैमाविङ्द काई
जैसा बेमा दिङकाई पाई चोङ् डि लेङकन ॥

## ५.२.१.२ विवाहमा केटी दिने स्वीकृति भएपछि केटा पक्षबाट गाइने गीत

ङा खोचो अमनी टाङसिङ वैविङ पाई योसिङ्ग
यो सिङ्ग वैविपाई ङा खोचो भलै लनु
नाङ कोचो आडिङ्ग काई
ताकसिङ नै लनी पोसिङ बैलनी
गा सिमीको गा भूमिको
सु खड्क किलाई
नापै हिया हाम्रो को
टाक्ने हाम्रो को मुजेआङ
सिमी थड्की भूमि थड्की
सुचिदालाई

## ५.२.१.३ दुरानमा गाइने गीत

स्यालुङ रदाउती यीमा मुयाकी
वाफै खाउती यीमा मुयाकी
हि कलैवा ङेजोयाङ कैलैना ङे जोयाङ[२]
ङे जन्ति मुनाङी, हाकी थाङमै
भरिया भाङमै
सुति च्याउलाई माङग्याउ
राङको सोपाङ राङको
सुति क्यातिमोजहि
बाचाराङ बैमाच
याज्यो बोली थ्याङव्याको
उदिङ पाई आसामैनी
देवाङ महिनी खेलाई

## ५.२.२ मृत्यु संस्कार गीत (रिसासा)

तेन्को दिन्सै पाई न्यतो, बोलीमा नाल हे

तेन्को दिन्सै पाई तैतो,

मिकमा नाल हे

सिमरी गाउद गाईमरी स्यालुङ

बाजे गाईमरी

ल ल को कोल फर्जे दा

सिमरी गाउद गाईमरी स्यालुङ

तेन्को दिन्सै पाई त्यतो

दोलीमा नाल हे

## ५.२.३ न्वागी (छनम्) गर्दा गाइने गीत

सिमीदिङ मान्ती दाजेलाङ

भूमिदिङ मस्ती दाजेलाङ

सिमीदिङ कर्साकाई

पन्थदिङ फूर्साकाई

नाउलाङ लेक्वी, मेजलाङ लेक्ती

वैवाईची सिमीदिङ

वैनाईची भूमिदिङ

## ५.२.४ भूमिको मङ्गल

तेन्को बार तेन्को दिन

पाइतीलाङ सिमीमान्ती

भूमिमान्ती दाजेलाङ

साइन साइनुदा

स्त्रमित्र लम

तेन्को वार तेन्को दिन

## ५.३ श्रमगीत

कृषिबाली रोपेदेखि बाली भित्र्याउने अवसरमा गाइने श्रमगीत वा कर्मगीतहरू निम्न प्रकारका छन् :

### ५.३.१ वैशाखे गीत

तिमी बाल लाकमा दुख्लाती नेलाउमा तुर्लती
कालीस तुर्लती दोजेती स्याक्सा त मनहाङ पीर मनाती
गाङ आल्साती साहुनेमा त्याक्लती लेठी जेसादाईकाई
बालदा पैसा चयाँ जेसा चेउमात वाहती मुनाङ ॥

योती जेसा दाइसा तारनी राङ नाङल
याजो पाखा छ्याप्ती खोरीया गम्जेनाङ
तङती मुठीमा गम्मना साङनमा बारोमना
आयमना बारोमना खोरीया आसपाई नालदा
भलीया आल्नाउमा कोटटी

### ५.३.२ जेठेगीत

मैक सुक्सा जेठ महिनाहाङ
गीत लिङसा लयको भाकाहाङ ।[२]

खेतला लाउनी बौलायो राङखाहाङ
मकै सुक्नी ओ राङखाहाङ

जेठ महिना पेअटो महिना
मकै सक्ती जे अनि ई महिना ॥[२]

चेपाङ लम्मको आमनाल ई महिना
लाक मोती जेसाकाई ई महिना ॥[२]

खेत्ला लाउनी जेठ महिनाहाङ
मकै छेप्नी साउन महिनाहाङ

जेठ महिना पेअटो महिना
घाँस डाली थुसाई महिना

घाँस ब्राबाउना ङिको माया स्याउल इयुक्पाई खेलदा

गाङकाई गातङल [२]

## ५.३.३ असारेगीत

आषाढै मासाङ मखै कैसा

साउन मासाङ कोदोऔ सुक्सा

कात्तिक र मंसिङ मैनाङ सालियाम् राहती

कदैऔ काउती

ए है ऽऽऽ किमानङ् आहाती दाँईद लाइती

माकरियाङ स्याङती

ए है ऽऽऽ छ मैनाङ सम्मन् जेति मुनाङी

जो अन्दै दामादिङ

लाक गोई जेनुङ सो

## ५.४ मनोरञ्जनका गीत

चेपाङजातिमा विभिन्न समयमा विभिन्न किसिमका मनोरञ्जनका गीतहरू गाउने गर्दछन् । जुन निम्न प्रकारका छन् :

## ५.४.१.१ एकल गीत (महिलाले गाउने)

हउवामा तालदा, पुवया नालदा

हउवाया नामात, पुवया नामात [२]

एकान राङग्या नै स्याउती मनाङ द

सेवादाम स्याउती मुनाद

हउवाया माया दिङ पाई

पुवाया नाया दिङ पाई

भावि वान्ती वच्याताङ नाह

सुया नामात ङा पै एकानलै

खोरीया छाप्ती क्रवाईल मुजेनाङ लौचा

### ५.४.१.२ पुरुषले गाउने एकल गीत

आँसु असुई भरोमना
ङा दुःखीको जीवनी
रीति आसा खाइङल ओतलै
स्याक्सा परना आँसुल्काती खेदामा आने
खोलासरी बगसा थाल्नौ
दुःखीयाका आँसु
स्यामाई जेओ गीठलमी जेनाताङ
ङाको जीवनको माई
गरिबीमा लङो जीवन र बालबच्चा
स्यास्साङाई आशा
सुईबुझती बैनानी र दया
ङा दुखीको परिभाषा
गरिबीलाई दयाउनाङ
आँसुको थोपा खेसाल्ती
दाइसा भाल्नाङ दुःसी
दो-हो मनसा गुन-गनाउती
बाल दुःसीकोमा
थि आँसु सस्तो
ङा दुःखीकाई अन्मवगो
ओ भगवानले ओट टाङ्तो

## ५.४.२ दोहोरी गीत (कान्छी गीत)

युवायुवतीबीच माया प्रेम, विछोड, विरह, वेदनाका बेला विभिन्न किसिमका दोहोरी गीतहरू गाउँछन् । ती निम्नअनुसारका छन् :

### ५.४.२.१ गोठालो जाँदा युवायुवतीबीच गाइने गीत

**केटा :** जाविलाती गाताङदै बैनी नानी किमगादयाङ अने जाङनीमा चिनजानी

**केटी :** चितवन जिल्ला किम ङाको दाजु, स्याबाङ्गे बन्ताङ आलो घाँसटाप्ती स्या हाम्लाङ

**केटा :** बल्ला चिया स्यावाङ्गे बैनी नाी
सुख दुःख गत ताङतो मुनानी

**केटी :** नाल सुख दुःखलै दाजु मुना
दिनका दिनलै लाक वोङसा परना

**केटा :** गाङमनार चेपाङकाई बैनी सुख
गाङ आल्तीम ई तलै यी दुःख

**केटी :** दुःख जाङती ज्यो मना दाजु दिनका दिन
गतहाईती विताउसा ई जीवन

**केटा :** लाक ज्या जेसा साग तेलाउ जेसा
इ त जाङती यी जीवन विताउसा

**केटी :** नातो दुःख चेउलै दाजु पैलेमा
साग नेलाउ यी फेउल दैगीमा

**केटा :** दुःख चेवलाङ ढक्करमा बैनी चेवलाङ
साग नेलाउ जेटी यी जीवन विताउनाङ

**केटी :** यी त हाइती ग चुक दिन दाजु विताउसा
दया पाइनिको कामजाङ ती छाङन सादा

**केटा :** साग नेलाउ हाङलै यी जीवन वितआ
द्याखेनीको प्रगति छआन निदा

### ५.४.२.२ दुःखले गर्दा परदेश गएको (कान्छी गीत)

**केटा :** आहनाङ पर्देश कमाउती बान्नाङ धन
पेटोकुसी गम्साद्रा नाङको मन
खोरीया राङखा मेछ्या सम्जेदा ङाको झल्को
वाङ काई बाब्र कान्छी फोटो कन्जेदा

**केटी :** नाङ पाई पर्देश ङ गाउँखा मेलाहाङ

दिनदिन आइतोको हेला हाङ
खोरिया राङखा मेध्या राम्जेनाङ
ङाको झल्को वाङयाकोई
यात्र कान्छा फोटो पुरकान

**केटा :** राङपाई खेतो पहिरोई पुरकान
जेसानाल दु:खई घेरकान
खोरीया राङखा ...................

**केटी :** दयाहङीतो वाङा दशै र तिहार
गच्युक जेसा दियनको लाक र ज्यार
खोरीया राङखा ..................

**केटा :** वाङनाङ पाहिती तीरनाङ साउको ऋण
वाङना खेच्यादमा खोया सुखदिन
खोरीया राङखा ..................

**केटी :** यात छाक जेसाई मनको आस स्थावा
किमराङ नाल ल्युम्पुकको बास स्थावा
खोरीया राङखा ..................

## ५.४.२.३ झ्याउरे गीत (लौलौ भाका)

वाङ्न साथी लौ है अगाडी सारती
विकास स्याता लौ है समासको अगाडि ।
याहको दिनको प्रजालम् पाई गतः हाइती मुइनो
तेन्को दिनको प्रजालम् समासकाइले च्यून्ती
लैको जातको विकास जाङसा पछि मु:सा स्याउलः
पछि मुमा विकास खेपाई मिलेकाईमा च्यउलः
प्रजा समास एकताआङ अधिकारीमा मुना
छात्रवृत्ति, छात्र पोशाक दो:धै वाङो मुना
लोथर खोला लङ नाङ दाहिता लोथर पुल
डी वि : को नाउआङ वाङङो विकास कु:ती जे:सा दो:ल ॥

## ५.५ विविध गीत

यस शीर्षकअन्तर्गत विभिन्न लोकगीतको मूलपाठ दिइएको छ ।

### ५.५.१ गरिब च्योवाङको घाँसे गीत

जेसा परना गरिबी लाक्को चाना नेलाउको दाल
चैन वैशाख दायाकाई गरिबको काल
फागुनदेखि साउनसम्म सेखु ओडी मेलाआङ
ढुक्कसँग जेसानाल : जेसा बेलाआङ
धनीको किम ढलान जाङ हो तीनचार तलेको
गरिबीको पाइ छाप्रोभित्र जीवन चलाउओ
गरिबीको किमपाई प्लाष्टिक भकारी बारओ
सुकुम्बासी स्याउती लै मुसा परओ
धनीसाहू महाजनको टी.भी.माथि भिडियो
समाचार साइसा गरिबको नाल रेडियो
देशआङ विकास जाङ्सा लै परना पहिला अघि सरन
अधिकारको निमित्त आङ नोखालै परना
याक्मुर्रा मर बिन्ती सारीचोलो वाङवाश्ल
सारीचोलो लेती मुया जेसादावाइल ।
घरघरेडी धितो गम्ती गाई मैसीले सामा
बर्षे दिनको मेहनत जाङ्ती दाल जे सामा

### ५.५.२ चैत वैशाखको उराठलाग्लो समयको गीत (ङीको गीत)

राङ मोना कान्छा मजवाङ डाँडाहाङ
काम राङचु कान्छा बोलग्यो पाखाहङ
राङ रान्चु कान्छा बोलयो पाखाआङ
गीत लिङच कान्छा ओराङ खाआङ
राङ रान्चु कान्छा ओराङ खाआङ
गीत निङच कान्छा लको भाकाआङ

खेतला लाउनु बोलयो राङखाआङ

मकै सुक्नी ओ राङखा पाखाहाङ

वैशाख महिना पेअटो महिना

मकै सक्ती जे अनि यी महिना

मकै सुक्सा बैशाख महिनाआङ

गीत लिङसा लअको भाकाआङ

## ५.५.३ प्रेमीप्रेमीका विछोड भएपनि जंगलमा गएर एक्लै गाउने गीत

**केटी :** हे मायाको डोरी सिङदुङराङ माताङमा आलादै आथ्या लौ लौ

**केटा :** त्यौउताङमा कजलाका कामताङमा कनलाका गाताङमा च्यौउङल

**केटी :** वानताङमा कनलाका कामल्याममा कनलाका गाताङमा च्योउङल

मायाको डोरी ..............

**केटा :** न्यामकाइमा होतालाङ लाकाइमा होतालाङ च्यौङलखया

मायाको डोरी ........

## ५.५.४ जेठ महिनामा बाँदर कुर्ने बेलामा गाइने गीत

ए हो ऽऽऽ लहै लहै युकवाङहा

ए हो ऽऽऽ यो हौ मखै कुन्नुदा

गाङ ऽऽऽ दा हा ऽऽऽ

गाङ ऽऽऽ दा हा ऽऽऽ गाङ ऽऽऽ दा हा ऽऽऽ

हो गा ऽऽऽ दा दा ऽऽऽ गाङ दाहा ऽऽऽ

ए हो ऽऽऽ वाङे आपु वाङे आजु[२]

ए हो ऽऽऽ हो कामताङ, क्लाआ[२]

ए हो ऽऽऽ बाली पैटो कन्नु दा

ए हो ऽऽऽ याती युकहाङ्दा ऽऽऽ

### ५.५.५ हिमाल सेतै छ भन्ने भाकामा गाइएको दसैं गीत

दसै वाङ्गालो रान्लाङ आलीदा
रामरसी जाङती लै मइदा
हिमाल माम्तोलै स्योहो हिलङ्गो
हजारौ मतिमा मी मन औताङलै ॥

ढकमक रो आरा वनहाङ्ग
दशै वाङती छ्युप्लाङदा यी मनहाङ्ग
यी चुकसम्म रमाइती मलाङ्ग
वाहा दशै ऋण ऋण परलाङ्ग

दशै वाङ्गा गत मनाइसा
बालबच्चाकाई दो तोती फकाउसा
हिमाल भाक्तोले स्याहो ..............

### ५.५.६ बिर्सनु हुँदैन पुर्ख्यौली थलोलाई

म्हेसा स्याउल लै मुओ गाउँकाई[२]
तैल्सा पर्ना पुर्खेउली सा काई
मस्म्या र पखेराहाङ चेपाङ लम्कोरोबारी[२]
जावी रीङ र लालुईमा डीलै चिनारी

हरभर चेउजेनाङ डा डा गाउँ[२]
वा बाज्याको ओहोङलै गस्मा ठाउँ
साकुसी मिन्ती मिन्ती लाकज्यार वान्ती कोनाङसु[२]
रयोङकाई तुकलात्ती स्यामा अधिकार वाङबासु

भेषभुषा पाई बैलामा खेतो
भाषाधर्म उहिलेमा भजेतो

### ५.५.७ २०५९ सालमा पहिरो जाँदाको गीत

२०५९ सालहाङ ताहतो वङगु आलो[२]
खोरीया तहो चेपाङ दाज्यूई नातो दुःख चेओ[२]

कमाइती जो खोरीयामा, पइरोई लान्ती आल्कान

दैवईमा दो दो हाइकान नाल स्याक्स्प आस्मा

लाकजेती चेपाङ दाज्यु ल्युम्पुकभित्र बास

लाकज्यार आल्कान पैरोई सलल

मकै राङखा खोल्चाली बलल

मनहाङ पीर परना संभ्फती बात्ना धामई छाती जलना

# परिच्छेद : छ

# उपसंहार

## ६.१ सारांश

क्षेत्रफलका दृष्टिले सानो मुलुक नेपाल हिमाली, पहाडी र तराई गरी तीन प्राकृतिक भागमा विभाजित छ । यो मुलुक प्रशासनिक दृष्टिले पाँच विकासक्षेत्र, चौध अञ्चल, पचहत्तर जिल्लामा बाँडिएको छ । नेपाल प्राकृतिक, सांस्कृतिक र धार्मिक दृष्टिले मात्र होइन जातीय र भाषिक दृष्टिले पनि ज्यादै सम्पन्न रहेको छ ।

नेपालको मध्यमाञ्चल विकासक्षेत्रअन्तर्गत नारायणी अञ्चलको पश्चिममा अवस्थित चितवन जिल्लालाई पनि पहाडी र भित्रीमधेश गरी दुई भागमा विभाजन गरिएको छ । यस जिल्लामा ब्राह्मण, क्षेत्री, नेवार, थकाली, राई, दराई, तामाङ, गुरुङ, मगर, कामी, दमाई, सार्की, बोटे, माझी, थारु, चेपाङ, दनुवार आदि जातिहरू बसोबास गर्दछन् ।

चितवन जिल्लाभित्र बसोबास गर्ने यी सबै जातिहरूका आफ्नै मौलिक संस्कारहरू रहेका छन् । संस्कार मानव-जीवनसँग सम्बन्धित हुन्छ अनि संस्कारले मानव-जातिको पहिचान पनि गराउँदछ । चेपाङ जीवनसंस्कार पनि चेपाङजातिकै परिचय हो । चेपाङ संस्कारले चेपाङजातिको सम्पूर्ण पक्षहरूलाई समेटेको छ । यस्ता संस्कारहरूमा यिनीहरू आफ्ना संस्कार गीतहरू गाउँछन् । ती गीतहरूमा दुःख-सुख, हाँसो-आँसु, आरोह-अवरोह, रीतिरिवाज आदि झल्किएको हुन्छ । चेपाङ लोकगीत चेपाङ लोकसाहित्यकै एउटा प्रमुख अङ्ग हो ।

हिन्दुधर्म र परम्परामा विश्वास गर्ने चेपाङसमाजमा विभिन्न देवी-देवता, भूतप्रेत, कुलदेवता, अन्य देवता आदिको पूजा गर्ने चलन रहेको छ । यिनीहरू दशै, तिहार, चण्डीपूर्णिमा, साउने संक्रान्ति, न्वागी (छनम), माघेसंक्रान्ति, चैते दशै जस्ता चाडपर्वहरू पनि मनाउने गर्दछन् । चेपाङहरूले समय र परिस्थिति अनुसार र आफ्ना संस्कारहरूमा पनि परिवर्तन गर्दै आएका छन् । धार्मिक अन्धविश्वासलाई पढेलेखेका वर्गको केही मात्रामा परिवर्तन गर्न थालेका छन् । आफ्ना विवाह परम्परा, लत्ता कपडा, खानपानमा पनि परिवर्तन ल्याएका छन् ।

चेपाङ संस्कार जसरी समयानुसार परिवर्तन भएको छ, त्यसरी नै यिनीहरूको लोकगीतमा पनि आधुनिकीकरण भएको पाइन्छ । अहिले कतिपय चेपाङहरू त विभिन्न संस्कारहरूमा संस्कारगीतहरू नै गाउँदैनन् । लिखित रूपमा नभएका कारणले ती गीतहरू

नवपीढीलाई थाहा पनि छैन । त्यहीकारणले गर्दा त्यस्तासंस्कार गीतहरूका सट्टा आधुनिक नेपाली गीत, लोकगीतहरू विभिन्न संस्कारहरूमा गाउने बजाउने गर्दछन् ।

अन्य जातिय लोकगीतसमान चेपाङ लोकगीतका पनि अनेक भेद छन् । चेपाङ लोकगीतलाई संस्कारगीत, श्रमगीत, पर्वगीत र मनोरञ्जन एवम् विविधि गीत गरी वर्गीकरण गरिएको छ । संस्कारगीत अन्तर्गत भूमिको मंगल, केटी माग्न जाँदा गाइने दिन, केटी दिने स्वीकृत भएपनि गाईने गीत, दुरनमा गाइने गीत जस्ता गीतहरू गाइन्छन् । यस अर्थमा विवाह संस्कारलाई चेपाङजातिको महŒवपूर्ण संस्कार पनि मानिन्छ । मृत्युको समयमा, चोख्याउने दिनमा, महापाण्डेद्वारा मन्त्रका रूपमा 'रिसासा' गीत गाइन्छ । जुन गीतले मृतआत्मालाई स्वर्गमा पुऱ्याउँछ भन्ने विश्वास गरिन्छ ।

## ६.२ निष्कर्ष

नेपाललाई अनेक जाति, भाषा, संस्कृति र संस्कारले धनी राष्ट्रको रूपमा चिन्ने गरिन्छ । यस देशमा रहेका आदिवासी जनजाति चेपाङको लोकगीत वा लोकसंस्कारलाई जगेर्ना गर्नु पर्ने टड्कारो आवश्यकता रहेको छ । चेपाङजातिको आफ्नो भाषा लिपिबद्ध नभएको कारणले गर्दा यिनीहरूका लोकगीतहरू पनि लिपिवद्ध हुन सकेका छैनन् । शिक्षाको अभाव र मौखिक परम्पराले गर्दा चेपाङ लोकगीतहरू लोपोन्मुख भइरहेका छन् । त्यसैले राष्ट्रको यो सम्पत्तिलाई जोगाएर राख्न सबै पक्षबाट सहयोग पुऱ्याउनु पर्ने देखिन्छ ।

चेपाङजातिको लोकगीतका सम्बन्धमा केही अध्ययन अनुसन्धान भए पनि विस्तृत रूपमा भने भएको देखिदैन । प्रस्तुत चितवनका जिल्लामा प्रचलित चितवनका चेपाङजातिका लोकगीतको संकलन र वर्गीकरणमूलक अध्ययन नामक अध्ययनपत्र भविष्यमा चेपाङ लोकगीतका पारखी वा पिसासु एवम लोकगीतका अध्ययनकर्ताहरूलाई मार्गदर्शन बन्न सक्ने देखिन्छ ।

# सन्दर्भग्रन्थ सूची

## क) प्रमुख पुस्तकाकार कृतिहरू


अधिकारी, सूर्यमणि, **चेपाङ र दराई**, चितवन, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर (२०४६)।

आचार्य, बाबुराम, **श्री ५ बडामहाराजधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी**, काठमाडौं, श्री ५ महाराजधिराजका प्रमुख संवाद सचिवालय, राजदरवार २०२४-२६।

कन्दङ्वा, काजिमान, **नेपाली जनसाहित्य,** काठमाडौं, रोयल नेपाल एकेडेमी, २०२२।

घिमिरे, विष्णुप्रसाद, **चितवनका आदिवासी जनजातिको सामाजिक र सास्कृतिक अध्ययन,** चितवन जिल्ला विकास समिति, २०६४।

घिमिरे, विष्णुप्रसाद र पोखेल डी.आर., **चेपाङ जातिको सामाजिक एवम् सांस्कृतिक जीवन : एक अध्ययन,** चितवन जिल्ला विकास समिति, अप्रकाशित ल.अ., असार २०५८।

थपलिया, भोजराज, **चेपाङजाति एक परिचय,** धरान-१, गोपाल थपलिया, २०४४।

थापा, धर्मराज, **गण्डकीका सुसेलीहरू,** काठमाठौं, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०३०।

थापा, धर्मराज र सुवेदी, हंसपुरे, **नेपाली लोकसाहित्यको विवेचना**, त्रिभुवन विश्वविद्यालय पाठ्यक्रम विकास केन्द्र २०५१।

पन्त, जयराज, **अंजुलीभरी सगुन पोल्टाभरी फाग,** काठमाडौं, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५५।

पन्त, कालिभक्त, **हाम्रो सास्कृतिक इतिहास,** स्याङ्जा : स्वयम् २०५५।

पराजुली, कृष्णप्रसाद, **नेपाली लोकगीतको आलोक,** काठमाडौं, वीणा प्रकाशन, २०५७।

पी.सी.डी.पी. टोली, **रुखो जग्गामा सुन्तला फल्छ त ?,** चितवन, प्रजा समुदायिक विकास कार्यक्रम, एस.एन.भी, सन् १९९७।

बन्धु, चुडामणि, **नेपाली लोकसाहित्य,** काठमाडौं, एकता बुक्स २०५८।

वाइवा, इन्द्रजङ 'तामाङ्ग' **२०१८ साल पहिलेका चेपाङ जातिहरूको पुर्ख्यौली इतिहास**, चितवन, इन्द्रजङ वाइवा, २०६१।

शर्मा, मोहनराज र लुईटेल, खगेन्द्रप्रसाद, **लोकवार्ता विज्ञान र लोकसाहित्य,** काठमाडौं, विद्यार्थी पुस्तक भण्डार, २०६३ ।

श्रेष्ठ, दयाराम 'संभव', **प्रारम्भिक कालको नेपाली साहित्यको इतिहास र परम्परा**, काठमाडौं, त्रि.वि. वि.सं. २०३८ ।

**ख) प्रमुख पत्रपत्रिकाहरू**

इभाकिप्स, **ए वण्डल अफ ओरिज**, एम.एन्.भी.नेपाल, सन् १९९४ ।

प्रजा, अजय, **सिर्जना,** अङ्क १०, बैशाख, २०५८ ।

प्रजा, कुलबहादुर, *गरीव च्योवाङको घाँसेगीत,* **थोङोताङ,** वर्ष-१, अङ्क-२, बैशाख २०५२ ।

प्रजा, टेरबहादुर, *लडाई लङ्सा परा,* **चिन्होजान्यो,** चोवाङ (प्रजा) जातिको परिचय र विकास विशेषाङ्क, आषाढ, २०५५ ।

# परिशिष्ट खण्ड

## परिशिष्ट 'क'

यस परिशिष्ट भागमा विभिन्न चेपाङ लोकगीतहरूमा प्रयोग भएका विशेष शब्दको अर्थ नेपालीमा प्रस्तुत गरिएको छ :

### शब्द-अर्थ सूची

| चेपाङ | नेपाली | चेपाङ | नेपाली |
|---|---|---|---|
| त्येन | : आज | सिभिदिङ | : पन्त |
| वाराङ्ग | : छोरी | भूमिदिङ् | : भूँयर |
| पाइलाङ | : कर्ममा | फर्साकाई | : ठेगाना |
| जिसाकाई | : छ, छैन | पेतोल्याम्काई | : बाटो समात्नु |
| आनुङासत | : राम्रो लाउन | स्योलम् | : ठूलो |
| दिङकाई | : हिन्दु | मुसा स्याउला | : अगाडि बढौं |
| ताङसिक | : नगर्नु | चोलमकाई | : बच्चा |
| योसिङ | : मेरी | थोङो | : उज्यालो |
| नेलाउ क | : सिस्नु | लेती | : किनेर |
| ज्यारहाङ | : भ्याकुर | गम्ती | : राखी |
| लाक | : गीठ्ठा | दावाकुल | : पुग्दैन |
| याजो | : च्यूरी | जेसा | : खानामा |
| मेलाआङ | : मेलामा | ङा | : म |
| जेसानाल | : ढुक्कसँग | ऋुसकाइसा | : भेट्नु |
| किमपाइ | : घर | सुक्सा | : रोज्नु |
| स्याउती | : भएर | महिनाआङ | : महिनामा |
| मुसापरओ | : बस्नुपर्ने | आमनाल | : भात |
| साइसा | : सुन्ने | हेप्नी | : स्याहार्ने |
| जाङसाले | : गर्नुपर्ने | कलमलम्तो | : कलम लिएर |
| आङनोसालै | : अधिकारको लागि | जिन्दगानी | : जिन्दगी |
| याक्मुरी | : एकमुरी | कयाकानी | : दिनु |

| चेपाङ | नेपाली |
| --- | --- |
| नाङ | : तिमी |
| गठाङ | : कता |
| गाल्याम् | : कहाँबाट |
| दिआना | : तिर्खा |
| च्याती | : रुनु |
| वाङ | : ढुङ्ग्रो |
| ल्याम | : बाटो |
| थोर | : गोरु |
| ग्याम | : आँगन |
| छ | : नुन |
| पठायु | : पढ |
| च्यास | : बस |
| पाच्यो | : एक |
| निज्यो | : दुई |
| सम्ज्यरे | : तीन |
| चारता | : चार |
| नामरुङ्ग | : कुलदेवता |
| भूँयर | : भूमि |
| गोसाई | : गाई पाल्ने |
| छेवर | : व्रतबन्ध |
| न्वागी | : नयि खाने |
| वाङ्न | : आउनु |
| स्याउता | : हुन्छ |
| प्रजालम् | : प्रजाहरू |

| चेपाङ | नेपाली |
| --- | --- |
| लहरि | : लव |
| कुशहरि | : कुश |
| कन्जेनाङ | : हेर्नु |
| ल्यम्पूक | : गुफा |
| देशआङ | : देशमा |
| युकवाहाङदा | : बाँदर आयो |
| कुन्नु वा | : कता छ |
| गा सिमीको | : कुन जमिनको |
| जाविलाति | : कहाँको |
| जाङ्निमा | : गरौंन |
| हउबाया | : भाइ |
| पुवाया | : दाइ |
| नालाद | : छैन |
| एकान | : एक्लो |
| स्याउती | : दुःखी |
| च्याती | : रुनु |
| च्यउचुक | : कन्दमूल |
| टाक्सी | : आँप |
| द्याउती | : खनेर |
| वाङ्न | : आउन |
| सारती | : सरेर |
| विकास स्याउला | : विकास हुन्छ |
| मुना | : छ |
| कुःती | : चोरेर |

# परिशिष्ट 'ख'

चेपाङलोकगीतको सङ्कलनमा सहयोग पुऱ्याउने व्यक्तिहरूको नामावली र स्थानको विवरण निम्नानुसार रहेको छ :

| क्र.सं. | नाम थर/वर्ष | स्थान |
|---|---|---|
| १. | यमन चेपाङ (३० वर्ष) | कविलास गा.वि.स., भार्लाङ्ग, चितवन |
| २. | सुनिमाया चेपा (३२ वर्ष) | र.न.पा., सिमरा |
| ३. | साङ्गे प्रजा (६३ वर्ष) | काउले-२, भाराङ्ग |
| ४. | जमुना प्रजा (४७ वर्ष) | शक्तिखोर-४, गैह्रीबारी |
| ५. | तुलबहादुर प्रजा (५० वर्ष) | काउले-७, हपनी |
| ६. | राजु प्रजा (१८ वर्ष) | शक्तिखोर-२, राजवन |
| ७. | रामकृष्ण चेपाङ (३८ वर्ष) | सिद्धी-७, देउजर |
| ८. | नविनकुमार चेपाङ (२६ वर्ष) | काउले-२, भाराङ्ग |
| ९. | बलवीर प्रजा (४६ वर्ष) | शक्तिखोर-९, राजवन |
| १०. | ठूलोकान्छा चेपाङ (३५ वर्ष) | काउले-६, भोटेगाउँ |
| ११. | बाबुराम प्रजा (५८ वर्ष) | सिद्धी-९, छेखाङ |
| १२. | इन्द्रलाल प्रजा (१७ वर्ष) | सिद्धी-६, मजवाङ्ग |
| १३. | अरुणा प्रजा (१५ वर्ष) | सिद्धी-६, मजवाङ्ग |